विशेष सदस्य

# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



दि. रत्नमञ्जरी गुरुमांको पुण्यतिथीमा महापरित्राण पाठ गर्नुहुँदै गुरुमांहरू

DHARMAKIRTI

वर्ष-२६, अङ्क-०८

बि.सं. २०६५, सकिमना पुन्ही

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पेजनम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– बुद्ध र शान्ति | – | २ |
| ३. | दान कथा | – सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद–२१५ | – रीना तुलाधर | ५ |
| ५. | तथागत लुमंका | – बुद्ध शाक्य | ५ |
| ६. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | ५ |
| ७. | बुद्धशासनको इतिहास | – भिक्षु अमृतानन्द | ६ |
| ८. | केही बौद्ध विश्वासहरू.... | – ले.के श्रीधम्मानन्द, अनु. वरब्रेश मानन्धर | ८ |
| ९. | बुद्ध चमत्कार | – भिक्षु अश्वघोष | १० |
| १०. | मिलिन्द-प्रश्न – १८ | – अनुवादक: आनन्द प्रधान | १२ |
| ११. | सिद्धि होइन साध्य चाहिन्छ | – नरेन्द्रनाथ भट्टराई | १४ |
| १२. | योग अभ्यास विधि–भाग ४२ | – डा. गोपाल प्रधान | १५ |
| १३. | यात्रा संस्मरण: लुम्बिनीमा क्षान्तिको अभ्यास | – शशिकला मानन्धर | १६ |
| १४. | धर्मकीर्ति विहार–गतिविधि | – | १८ |
| १५. | मोहनी नख: | – कृष्णा देवी वज्राचार्य | २१ |
| १६. | पुन्हि हना पुजा याना | – अमृत मान शाक्य भिक्षु | २१ |
| २२. | धर्म प्रचार–समाचार | – | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पसः, उद्योग, व्यापार, कार्यालयया बिया च्वगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**13th NOVEMBER 2008**


| वर्ष- २६ | अङ्क- ८ | सकिमना पुन्ही | कार्तिक २०६५ |
|---|---|---|---|





जुन व्यक्तिको तर्फबाट सम्यक सम्बुद्धको ज्ञान प्राप्त हुन्छ, त्यस व्यक्तिलाई ब्राह्मणले अग्नि होत्रलाई नमस्कार गरे झैं आदरपूर्वक नमस्कार गर्नुपर्छ ।

जटा भएर, गोत्र भएर तथा जन्म भएर मात्र ब्राह्मण हुँदैन, जसमा सत्य र धर्म छ, उही पवित्र र उही ब्राह्मण हुन्छ ।

हे दुर्बुद्धि ! जटा पालेर मात्र के हुन्छ ? मृगचर्म लगाउँदैमा के हुन्छ ? भित्र तिम्रो हृदयमा कसरले भरिएको छ भने बाहिर मात्र धोएर के हुन्छ ?


*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
धुवरत्न स्यापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ०७१-५८०२६९ (शाक्यमुनि विहार, लुम्बिनी)
४२५५९६० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४१९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२९
इस्वी सम्वत् २००८
विक्रम सम्वत् २०६५


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |

■ सम्पादकीय ■

# बुद्ध र शान्ति

शाक्यमुनी गौतम बुद्धको पूर्व नाम हो, सिद्धार्थ कुमार। उहाँले शान्तिको बाटो खोज्नको लागि राजदरवार त्याग्नु भयो। शान्तिमार्ग खोज्न ६ वर्ष मेहनत गर्नुभयो। बल्ल ६ वर्ष पछि उहाँले चतुआर्य सत्य र मध्यम मार्ग ज्ञान पत्ता लगाउनु भई संसारलाई यो शान्तिमार्ग रूपी ज्ञान दिनुभयो। उहाँले पत्ता लगाउनु भएको ज्ञान यसरी रहेको छ।

१. संसार दु:ख व्याप्त छ।
२. दु:खको कारण तृष्णा (अति इच्छा) हो।
३. दु:खबाट मुक्त हुन सकिन्छ।
४. दु:खबाट मुक्त हुनका लागि ८ वटा मध्यम मार्गहरू छन्।
   - सम्यक दृष्टि (ठीक समभ्रुदारी)
   - सम्यक संकल्प (ठीक चिन्तन र सोचाई)
   - सम्यक वचन (ठीक कुरा गराई)
   - सम्यक कर्मान्त (ठीक कार्य)
   - सम्यक आजीविका (ठीक जीवनयापन)
   - सम्यक व्यायाम (ठीक अभ्यास)
   - सम्यक स्मृति (ठीक स्मृति)
   - सम्यक समाधि (ठीक एकाग्रता)

मध्यम मार्गभित्र कुनै पनि अति कुरो आउँदैन। अति भयो भने गुलियो पनि तीतो हुन थाल्छ। अर्को शब्दमा भन्ने हो भने मात्रा नाघ्यो भने जहाँपनि हानी हुनेगर्छ। त्यसैले मध्यम मार्ग भित्र विलासिता जीवन र भोकभोकै वसी धर्म गर्ने कुरो आउँदैन। आजभोली जुनसुकै क्षेत्रमा पनि अतिले ठाउँ लिन थालेकोले होला, देशभित्र शान्तिले ठाउँ लिन सकिराखेको छैन।

भगवान् बुद्ध मध्यममार्गी एवं यथावादी तथाकारी हुनुहुन्छ। त्यसैले उहाँले जसरी कुरा गर्नुहुन्छ, त्यसरी नै काम पनि गर्नुहुन्छ। कुरा र काममा फरक गर्नु हुन्न। यथार्थमा उहाँ शान्तिको प्रवर्तक हुनु भएकोले संयुक्त राष्ट्र संघबाट उहाँको जन्म थलो लुम्बिनीमा विकासका योजनाहरू संचालन गरिए।

अब लागौं बुद्धले शान्तिको लागि के कस्तो शान्ति सन्देश दिनुभएको रहेछ भन्ने तर्फ।

– बुद्धको पहिलो शान्तिको सन्देश नै इमान्दारी बन्नु, कर्तव्य पालन गर्नु, एवं विश्वास पात्र बन्नसक्नु रहेको छ।

– दोश्रो बुँदामा भगवान् बुद्धले भन्नुभएका छ, जुन व्यक्तिले मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हटाइदियो, मेरो फलाना बस्तु लग्यो भन्दै बारम्बार त्यसलाई सम्भिम राख्छ, उसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन। यसको लागि मानिसहरूमा सम्यक् दृष्टि (ठीक समभ्रुदारी) र सम्यक संकल्प (ठीक चिन्तन) हुनु अति जरुरी छ।

अर्को सान्दर्भिक सन्देश हो, अरूले नराम्रो काम गऱ्यो वा बोल्यो भने त्यस्तो नराम्रो काम वा कुरा आफूले पनि गरेको छ वा बोलेको छ, छैन यसतर्फ पनि सोच्न सक्नुपर्छ। अर्काको दोष मात्र देख्ने बानी राम्रो होइन। बहिर्मुखी हुनुभन्दा अन्तरमुखी बन्नु पर्ने नै बुद्ध शिक्षा हो।

शान्तिको लागि अति उत्तम बुद्ध शिक्षा भन्नु नै बितिसकेका गलतीहरूतर्फ दोहोऱ्याई, तेहऱ्याई सम्भिम नराख्नु, पुन: त्यस्ता गलतीहरू आफ्नो तर्फबाट दोहोऱ्याउन नदिने तर्फ होशियारी रहनु, भविष्यको चिन्तनमा पनि नभुल्नु आदि हुन्। वर्तमान अवस्थालाई महत्व दिंदै समस्या समाधान तर्फ परस्पर सहयोगी बनी कार्य गर्नु, वर्तमान अवस्थाको समस्या समाधान भएमा मात्र अतीत र भविष्य पनि ठीक हुनेछ।

अर्को महत्वपूर्ण कुरो आत्मालोचना गर्न सक्नु। खराब कार्यको विरोधत अवश्य गर्नुपर्छ। तर विरोधका लागि पनि विरोध गर्दै हिंड्नु राम्रो होइन। विरोध कार्य ध्वंसात्मक नभई रचनात्मक हुनुपर्छ। भगवान् बुद्ध भन्नुहुन्छ- "मलाई विरोध गर्ने व्यक्तिहरू भएको कारणले नै म बुद्ध बन्न सक्षम भएको हुँ। किनभने विरोधीहरूको उपस्थितीले गर्दा मेरो मन बलियो भयो र सधैं सतर्क बन्न सकें र आफूलाई बोध गर्ने ज्ञान प्राप्त गरें।"

२५ सय वर्ष पहिले नै बुद्धले दु:खको कारण छ, दु:खबाट मुक्त हुन सकिन्छ भनी महत्वपूर्ण कुरो जनसमक्ष राख्नु भएको थियो। अशान्ति र द्वन्दको कारण पत्ता लगाएर समस्या समाधान गर्न सकेमा मात्र साँचो शान्ति प्राप्त हुनेछ। हामी सबैले यसतर्फ ध्यान दिन अत्यावश्यक भइसकेको छ।


Downloaded from http://www.dhamma.digital

# दानकथा

■ सत्यनारायण गोयन्का

१९ जनवरी, १९७२ को दिन परम पूज्य गुरूदेव श्री ऊ बा खिनको पहिलो पुण्य-तिथिको अवसरमा बुद्धगयाको पावन भूमिमा ठूलो दान-यज्ञको आयोजना गरिएको थियो। सबै दानहरू मध्ये श्रेष्ठतम, ठूलोदान धर्म-दान हो। अत: दुईवटा विशाल धर्म-यज्ञको संचालन गरियो। जसबाट देश-विदेशका सयौं मानिसहरू धर्मलाभी हुनपाए। साथ साथै आमिष दान अर्थात् भौतिक दानको पनि आयोजना गरियो। भोजन, वस्त्र, मुद्रा तथा अन्य आवश्यक वस्तुहरूको पनि दान दिइयो। यस दान-यज्ञमा भारतका अनेक वयोबृद्ध भिक्षु, श्रमण-ब्राह्मणहरू आए र उहाँहरूले श्रद्धालु दायकहरूलाई दान दिने अपूर्व पुण्यको शुभ-अवसर प्रदान गर्नु भयो। सुदूर आसाम, कलकत्ता, नागपुर, लुम्बिनी, काठमाडौं, इटावा, वाराणसी, नालन्दा आदि स्थानबाट विद्वान तथा स्थविर तथा महास्थविरहरूले दान ग्रहण गर्ने अनुकम्पा गर्नुभयो। यी महाश्रमणहरू जसले धर्म आफूले सिकेर अरूलाई बुझाउने र त्यसलाई पालन गर्ने र गराउने कार्यमा आफ्नो सारा जीवन लगाए। दान लिने व्यक्ति राम्रो छ भने नै पूण्य पनि अधिक फलदायी हुन्छ। त्यस्तै भूमि उर्वरा छ भने नै रोपिएको बीऊले राम्रो फल दिन्छ।

यसको साथसाथै बोधगयाका विपन्न प्रजा मध्ये सयौंलाई भोजन दान दिइयो। अनेकौंलाई वस्त्र दान दिइयो।

अनेक साधकहरूले यस दान कार्यक्रममा धर्म चेतनाले भाग लिए। दानको शुद्धता यसैमा हुन्छ कि जब धर्म – चेतनाले दान दिइन्छ। यही नै दानको महाफल हो जसले हाम्रो रोगी चित्तलाई निरोगी बनाउँछ। कृपणता, कठोरता, कटुता, स्वार्थपरता, संकुचितता र नीरसताले भरिएको चित्तलाई उदार, मृदुल, कोमल, साम्य, विशाल, परमार्थी र सरस बनाउँछ। यही नै चित्तको स्वस्थता हो।

दान गर्नु गृहस्थहरूको धर्म हो। यस देशको प्राचीनतम धार्मिक परम्परा अनुसार दानको विशिष्ट महत्व रहेको छ। अतीत कालमा सबै धनी गृहस्थहरूले बृहत दान-कार्यक्रमको आयोजना गरेको पाईन्छ। पुरातन युगमा सद्गृहस्थ ऋषि-महर्षि अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अङ्गिरस, भारद्वाज, वशिष्ठ, काश्यप आदि आदि सबैले दान-यज्ञको आयोजना गरेको पाईन्छ। पूर्वकालमा महाराज विसन्तर र पश्चात्य कालका महाराज हर्ष जस्ता महादानीहरूले सर्वस्व दानको आदर्श स्थापित गरेको पाइन्छ। कर्ण र हरिश्चन्द्रको दानकथा सुन्न पाइन्छ। उनीहरूको दान चेतना उदात्त थियो। सबैको दान चेतना यस्तै उदात्त हुनुपर्छ, निर्मल हुनुपर्छ। समाजको विशिष्ट रचना व्यवस्था भएको कारणले प्रजाको धन राजाहरू र धनपतिहरूसंग संग्रहीत हुन जान्छ। यो धन एकै ठाउँमा संग्रह भई रहँदा एकै ठाउँमा जमेको पानी झैं कुहीन थाल्छ। जसले सारा राज्यलाई अस्वस्थ बनाउँछ। बगेको पानी झैं आउँदै जाँदै रह्यो भने यो निर्मल भईरहन्छ। यही बुझेर दान दिने व्यक्तिले धनको अनुचित्त परिग्रहको दोषबाट बच्नको लागि आफ्नो संग्रहीत धनलाई राष्ट्रको धन ठानेर 'संविभाग' गर्न दान दिन्छ ताकि एकै ठाउँमा जम्मा भएको धन सबै मानिसहरूमा बाँडेर उपभोग गर्न सकून्। यस्तो बुद्धिले सामाजिक समृद्धिको सन्तुलन बनाई राख्छ र यसले विषम हुनबाट बचाउँछ। सम्पन्न दाता आफ्नो धर्मबुद्धि र कर्तव्य- बुद्धिद्वारा समय-समयमा धनको संविभाग गर्दछ। बदलामा केही पाउने इच्छा राख्दैन। अरूलाई तुच्छ थानेर आफ्नो अंहभाव पुष्टि गर्नको लागि होइन। यही नै दानको श्रेष्ठता हो। यही दानको शुद्धता हो।

**विचेय्य दानं दातब्बं यत्थ दिन्नं महप्फलं।**

– धर्म बुद्धिले सोचेर बुझेर दिएको शुद्धदान महाफलदायी हुन्छ। हामी पनि धर्मबुद्धिले सोचेर बुझेर दान दिन सिकौं। दान दुई प्रकारका हुन्छन्–

१. वट्टमूलक दान - भवचक्रमा अल्झाई राख्ने दान।

२. विवट्टमूलक दान - भवचक्रबाट बाहिर निकाल्ने दान।

सही धर्म-चेतना भएको व्यक्तिले भवचक्रबाट छुट्-कारा दिलाउने दान नै दिन्छ। भवचक्रमा बाँध्ने दान दिंदैन।

जसरी अन्य कर्मको फल त्यस्तै गरी दान-कर्मको फल पनि चित्तको चेतनाबाट मूल्यांकन गरिन्छ। चित्तको जस्तो चेतना हुन्छ त्यस्तै कर्मको बीऊ रोपिन्छ र त्यस्कै अनुरुप प्रकृतिले फल दिन्छ। भवचक्रलाई काट्ने विवट्टमूलक चित्त राग विहीन हुन्छ, द्वेषविहीन हुन्छ, मोह विहीन हुन्छ। यस्तो चित्तले दिएको दान नै विवट्टमूलक दान हुन्छ, लोकचक्रलाई छिन्न-भिन्न गर्ने हुन्छ। यस्तो दान गर्दा हामी आफूलाई फाईदाको बारेमा अलिकति पनि सोच्दैनौं। दान पाउने व्यक्तिको भलाईलाई सम्झेर मन प्रसन्न हुन्छ। जब हामी अरूको खुसीमा हाँस्छौं, प्रसन्न हुन्छौं तब हाम्रो चित्त निर्मल हुन्छ, मृदुल हुन्छ। स्वार्थ-पूर्ण संकुचितता र कठोरताबाट मुक्त हुन्छ।

तर दान दिने समयमा जब हामी आफ्नो हितको लागि कुनै फलको कामना गर्छौं भने त्यो रागरंजित चित्त वट्टमूलक दान हुन्छ, भवचक्र बनाउने दान हुन्छ। यस्तो चेतनाले दिएको दान भवचक्र बढाउने हुन्छ। दान दिएको

बदलामा लौकिक सुख-वैभवको कामना गऱ्यो, कीर्ति फैलियोस् भन्ने कामना गऱ्यो, मान-सम्मान बढोस् भनेर कामना गऱ्यो स्वर्ग प्राप्तीको कामना गऱ्यो, भने यस्ता कामनाले भरिएको चित्त सँधै बन्धन युक्त नै हुन्छ, बन्धन मुक्त हुँदैन । यस्तो दानको फल बाँध्ने नै हुन्छ, खोल्ने हुँदैन ।

त्यसैले रागरंजित चित्तले दान दिनु राम्रो हुँदैन । त्यो भन्दा पनि नराम्रो द्वेष-दूषित चित्तले दान दिनु हो । त्यो त हाम्रो लागि झन नराम्रो कारण बन्न जान्छ । धर्मको नाममा पाप कमाउने क्रिया हुन जान्छ । अरूलाई दिंदा धन खर्च पनि भयो । साथ साथै अकुशल चित्तको आधारमा गरेको कर्म हाम्रो अमंगल र अकुशलको हेतु बन्दछ ।

केही उदाहरणबाट बुझौं कि हामी द्वेष-चित्तले कसरी दान दिन्छौं ?

एकजना माग्ने हाम्रो ढोकामा आएर कराउँछ कि "ए आमा ! पैसा दिनुस्, ए बाबा ! पैसा दिनुस्", उस्को पुकार सुन्न नसकेर उसको अगाडि पाँच पैसा फ्याँकि दिन्छु ता कि ऊ त्यहाँबाट छिटो जावस् । त्यस समय मेरो चित्त क्रोध र घृणाले भरिएको हुन्छ ।

कोही व्यक्ति कुनै स्कूल, अस्पताल अथवा आश्रम बनाउनको लागि चन्दा माग्न घर-पसलमा आउँछ । उनीहरूलाई देख्ने बित्तिकै बड्बडाउन आईहाल्छ "चन्दा, चन्दा । जहिले पायो चन्दा । आ... यिनीहरूलाई पाँच रूपैंया दिएर पठाउनु ।" मेरो मन पैसा दिंदा आक्रोशले भरिएको छ । अप्रिय चन्दा माग्नेबाट तुरुन्त छुट्कारा पाउनको लागि व्याकुल छु । त्यस्तै कोही मन्त्री अथवा राजनेताले मलाई घर मा अथवा अफिसमा बोलाएर भन्यो कि फलानो कामको लागि चन्दा दिनुपऱ्यो । मलाई भने त्यस चन्दा प्रति अलिकति पनि रूचि छैन् । तर राजनेता देखि डर छ । दिएन भने आउने कोटा, परमिट, लाइसेंस आदि काट्ने हो कि । कुनै जाँचपासमा अल्झाएर मेरो व्यापार चौपट गराउने हो कि । यसै डरको कारण दान दिन्छु ।

मेरो एकजना साथीले फोन गरेर भन्यो कि फलानो कामको लागि अलिकति सहयोग गर्नुपऱ्यो । मलाई दान गर्नु त मन थिएन तर लाजले केही रकम दिन्छु ।

मेरो कोही साथीले कुनै कार्यका लागि दान दिएको छ । मलाई त्यसमा दानदिने कुनै इच्छा थिएन । तर दिएन भने मेरो इज्जतमा केही दाग लाग्नेछ, अरूले कुरा काट्नेछन् । यसको डरले दान दिन्छु ।

मेरो शत्रुले कुनै क्षेत्रका लागि यति दान दियो त्यसबाट उसको सम्मान बढ्यो । यसबाट मेरो मनमा ईर्ष्या भाव जाग्छ । यसको सन्मान तोड्न अथवा त्यसको बराबरीमा आउन, अहंकारले चूर भएर उसको भन्दा बढी दान दिन्छु ।

यसप्रकार दिक्क मानेर, चिडचिडाएर, घृणाले, भयले, लाजले, प्रतिस्पर्द्धा, ईर्ष्या, वैमनस्य, घमण्ड, दौर्मनस्यपूर्ण चेतनाले दान दिएको छु भने र दान दिए पछि विझामा दिएँ भनेर पश्चाताप गरेको छुँ भने र न्याउरो मुख पारेको छु भने यस्तो दुर्मन चेतनाको दान मेरो लागि हितकारी हुँदैन, बल्कि मेरो अमंगल अहितको कारण पनि बन्दछ ।

धर्म चेतनाले गरेको सबै काम मंगलकारी हुन्छ । अधर्म चेतनाले गरेको सबै काम अमंगलकारी हुन्छ । त्यसैले धर्म चेतनाले दिएको दान मंगलकारी हुन्छ । अधर्म चेतनाले दिएको दान अमंगलकारी हुन्छ । त्यसैले सँधै धर्म चेतनाले नै दान दिनुपर्छ । धर्म चेतनाले दिएको दानबाट चित्त त्यागभावले भरिएको हुन्छ । परहित, परसुखबाट मन प्रसन्न भएर मोदले भरिएको हुन्छ । तीनैकालमा प्रसन्न भएर रहने हुन्छ ।

दान दिनु अगाडि मनमा यसरी मोदकारी भाव जागी रहन्छ कि म दान दिन्छु । मेरो दानले कति मान्छेको भलो हुन्छ । कतिको कल्याण हुन्छ । दान दिने समयमा पनि यी हर्षित – मुदित भावले भरिएको हुन्छ कि म दान दिंदैछु । गृहस्थ धर्मको पालना गर्दैछु । मेरो दानले उनीहरूको हिंतसुख हुनेछ । अन्य अनेक मानिसहरूको हित हुनेछ । दान दिए पछि पनि मेरो मन बार-बार यी नै शुभ भावहरूले भरिएको हुन्छ कि ओहो ! मैले उत्तम भोजन दान दिएँ, मैले उत्तम वस्त्र दान दिएँ, राम्रा औषधी दान दिएँ जुन खाएर त्यो व्यक्तिको शरीर र मन स्वस्थ-सबल हुनेछ र शील समाधि-प्रज्ञाको अभ्यास गरेर आफ्नो मंगल गर्नेछ र अनेकौं मानिसहरूको मंगलको कारण बन्नेछ । मैले यस कुटि दान गरें जसमा रहेर साधक शील, समाधि र प्रज्ञाको अभ्यास गर्नेछन् । समथ अथवा विपश्यना साधनाको अभ्यास गरेर निर्वाण रसको सुख-शान्तिका स्वाद लिनेछन् र अनेकौंको सुख-शान्तिको कारण बन्नेछन् । मेरो दान पाउने व्यक्ति कोही जीवनमुक्त अरहन्त होस् अथवा अरहन्त सम्म पुग्ने मार्गको अनुगामी कोही जीवनमुक्त धर्मभावी संतपुरूष भएमा मेरो मन असीम आह्लाद – प्रह्लादले भर्नेछ – ओहो ! मेरो कस्तो सौभाग्य मेरो दानले यस्तो सन्त पुरूष अधिक समयसम्म स्वस्थ र सबल रहेर बाँच्नेछ र यसबाट कति मानिसहरूको हीत सुख हुनेछ । उनीहरूले मेरो दान स्वीकार गरेर मेरो भलाई गऱ्यो ।

यसप्रकार दान दिनु अगाडि, दान दिने समयमा र दान दिए पछि पनि दाताले आफ्नो निर्मल चित्तलाई प्रसन्नताले भर्दछ र मृदुल बनाउँछ ।

**पुब्बेव दाना सुमनो होति, ददं चित्तं पसीदये ।**
**दत्तवा अत्तमनो होति, एसा यञ्ञस्स सम्पदा ॥**

– दान दिने व्यक्ति दान दिनु अगाडि सुमन हुन्छ । दान दिंदा चित्त प्रसन्न रसले भर्दछ र दान दिएपछि मुदित हुन्छ । धर्म-चेतनाले दिएको दानको सुख सम्पदा यस्तो हुनेछ ।

*(साभार: बुद्ध वर्ष २५५१, कार्तिक २०६४, वर्ष २४ अङ्क ८)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२१५

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**यं हि किच्चं तदपविद्धं – अकिच्चं पन कयिरति**
**उन्नलानं पमत्तानं – तेसं वड्ढन्ति आसवा**

अर्थ– जुन काम कर्तव्यको रूपमा गर्नुपर्थ्यो, त्यो गर्दैन, जुन काम अकर्तव्य हो, गर्नु नहुने थियो त्यो गर्छ भने, त्यस्ता अहंकारी व्यक्तिहरूको आश्रव झन बढेर जान्छ ।

**येसञ्च सुसमारद्धा-निच्चं कायगतासति**
**अकिच्चंतेन सेवन्ति-किच्चे सातच्चकारिनो**
**सत्तानं सम्पजानानं-अत्थं गच्छन्ति आसवा**

अर्थ– कायानुस्मृति ध्यानमा उपस्थित भईराखेका व्यक्तिले अकर्तव्य काम गर्दैन गर्नुपर्ने कर्तव्यको काम मात्रै ध्यान दिएर गर्छ, यस्ता सचेत स्मृतिवान व्यक्तिको आश्रव क्षय हुन्छ ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले भद्दिय भन्ने नगरको नजीक जातिय भन्ने वनमा वास गर्नु हुँदा केही भिक्षुहरूको कारणमा भन्नु भएको थियो ।

भद्दिय नगरमा बस्ने केही भिक्षुहरू खराउ (जुत्ता) बनाउने काम गरेर बस्थ्यो । उनीहरूले अनेक प्रकारको खराउ बनाउँथ्यो । घाँसको, मुञ्जको, बब्बजको, खजूरको, कम्बलको अनेक थरिको खराउ आफूहरू पनि बनाउँथ्यो, अरूहरूलाई पनि बनाउन लगाउँथ्यो ।

अनि कसैले ती भिक्षुहरूसँग "तपाईंहरू भिक्षु बन्नुको उद्देश्य र कार्य के हो" भनीकन सोध्यो भने "हाम्रो उद्देश्य र कार्य भन्नु नै अधिशील, अधिचित्त र अधि-प्रज्ञा" भनीकन बताउँथ्यो ।

अरू भिक्षुहरूले उनीहरूको यस्तो चाला देखेर सो कुरा भगवान् बुद्धकहाँ गएर उजुरी गर्न गयो । भगवान् बुद्धले ती खराउ बनाउने भिक्षुहरूलाई बोलाएर भन्नु भयो - "भिक्षुहरू ! तिमीहरू जुन कामको लागि भिक्षु बन्न आएका हौ, सो कुरा बिर्सेर अर्कै काममा लागी रह्यौ । भिक्षुहरू ! तिमीहरू अरहत फल प्राप्त गर्नको लागि भिक्षु संघमा आएका हौ । अहिले तिमीहरू जुत्ता बनाउन र सजाउनमा मेहनत गरी रहेका छौ ।" यसरी आज्ञा भई तथागतले धर्म देशना गर्नु भयो र उपरोक्त गाथाहरू भन्नु भयो । ■

# तथागत लुमंका

■ बुद्ध शाक्य

भक्त ख:जि थन चान्हि तथागतया,
श्रद्धानं सुथ: बहनि न्हिथं जीवनया ।
अलौकिक् लोक, उपलब्धी मूलया,
उपासना जीवन पर्यम्र हृदय्या ॥

तर तथायत जि अलमल जुया
सम्यक् मिथ्यायात ति-फ्याय् मफया ।
मादकं पदार्थ व मांसाहारी संस्कारया,
कंथ कोलाहलं अति हारेचाया ॥

जीवन शीलवान न्ह्याबलें जुया:,
ल्वय्यागु हा धासा वां छ्वे मफया ।
कुत: मात्र छगू आस्था आषीशया,
धैब्यु तथागत छक: तथास्तु धया: ॥

जन्मं महायान संस्कार जुया,
बौद्धिकतां थेरयान जि थनया ।
अन्यौल थ्व मन स्वतु मत्तु स्वया:,
पूर्ण जीवन छल्पोल यात देछाया ॥

धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ५८४
**श्रीमान् पुष्परत्न तुलाधर**
कोटेश्वर, काठमाडौं
रु. १०२२/-

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६५/६/२१ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/६/२७ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/६/२८ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/७/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/७/६ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/७/१२ | जयवती गुरुमां | जयवती गुरुमां |

# बुद्धशासनको इतिहास–२

■ भिक्षु अमृतानन्द

तथागत परिनिर्वाण भैसकेपछि वहाँले पैंतालीस वर्षसम्म विभिन्न स्थानहरूमा उपदेश गर्नुभएको धर्म-स्कन्धहरूलाई सर्वप्रथम संग्रह (संगायना) गरिएको यही नै हो । पाँच शय प्रतिसंभिदा लाभ गरेका अर्हतहरू बसेर धर्म संग्रह गर्नुभएको हुँदा यस प्रथम संगीतिलाई पञ्चसतिक पनि भन्दछन् । भगवान बुद्धको मूल धर्मको जरा यही नै हो । यही संगायना परम्परा चली आएकोलाई स्थवीरबाद भन्दछन् । यसको बाद मात्र बौद्ध धर्मको विभिन्न शाखा प्रशाखा उत्पन्न भएको हो । यसरी शाखा प्रशाखा उत्पन्न भएको पनि भगवान परिनिर्वाणको एकशय वर्ष जति पछि देखि हो । बुद्ध धर्मको प्राचीन अर्थात् मूल इतिहास यही हो । यही प्रकारको धर्मको शाखा प्रशाखा निस्केकोलाई शासन वंसको कथा भन्दछ ।

महाकाश्यप महास्थविर आदि पाँच शय प्रतिसंभिदा लाभि अरहन्त महास्थविरहरूले बुद्ध शासनको चिरस्थाइ गर्न चौरासी हजार धर्मस्कन्ध सबै संग्रह गरीसके पछि आनन्द स्थविरले संघ सभामा यसरी निवेदन गर्नुभयो ।

"भन्ते संघहरू ! परिनिर्वाण समयमा भगवानले मलाई आज्ञा हुनुभएको छ कि– यदि आनन्द, संघको इच्छा भयो भने मेरो परिनिर्वाण पछि क्षुद्रानुक्षुद्र शिक्षा पद म्हास्नु ।★

आनन्द तिमीले तथागतसंग क्षुद्रानुक्षुद्र शिक्षा पद भनेका के के हुन् भनी सोध्यो कि सोधेन ?

"सोधिन भन्ते ।"

अनि यस विषयमा संघ सभामा भारी छलफल भयो । कसैले चार पाराजिका शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानिक्षुद्र शिक्षापद हुनुपर्छ भने । कसैले चार पाराजिका र तेन्ह संघादिशेष छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र हुनुपर्छ भने । फेरि कसैले पाराजिका, संघादिशेष तथा दुई अनियत शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनुपर्छ भने । यसरी विविध विचार प्रकट गरे । अन्तमा चार पाराजिका, तेन्ह संघादिशेष दुई अनियत, तीस निसग्गिय पाचित्तिय, बयान्नब्बे पाचित्तिय र चार पाटिदेशनीय छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनुपर्छ भने । यसरी क्षुद्रानुक्षुद्र शिक्षापद सम्बन्धी अनेक छलफल भएर पनि क्षुद्रानुक्षुद्र शिक्षा पदको विषयमा तथागतको धारणा 'यही हो' भन्ने निश्चय गर्न नसके पछि संघ सभाका नायक हुनु भएका महाकाश्यप महास्थविरले यस विषयको निर्णय यसरी गर्नुमा बुद्धिमान हुनेछ भन्ने सम्झी संघ सभालाई यसरी निवेदन गर्नुभयो–

ज्ञप्ति (Proposal) प्रस्ताब– "आयुष्मान संघ ! हाम्रो शिक्षा पदहरू गृहीगत पनि छन् फेरि गृहस्थहरूलाई यो पनि थाहा छ कि श्रमण शाक्यपुत्रहरूलाई यो योग्य यो अयोग्य भनेर । यदि हामीले क्षुद्रानुक्षुद्र शिक्षापद 'यहि हो' भनेर त्यसलाई म्हास्यौं भने लोकले हामीलाई यस्तो पनि भन्नसक्छ कि– श्रमण गौतमले श्रावकहरूको निम्ति धुम्रकालिक शिक्षापद बनाइ दियो, गौतम रहुउञ्जेल मात्र उनीहरूले गौतमका शिक्षा पालन गरे, गौतम परिनिर्वाण हुने बित्तिकै पालन नगरे ।✪

अतएव मेरो विचारमा यदि सबै संघ सभाको एकै राय, एकै विचार भए संघहरूले भगवानले प्रज्ञप्त नगर्नु भएको शिक्षापद नबनाउने प्रज्ञप्तपारी राखेको शिक्षापद नबिगार्ने बरू भगवानले बनाइराख्नु भएको शिक्षापदहरू पालन गर्नुनै उचित होला जस्तो लाग्छ ।☆

यति भन्नुभई पुनः महाकाश्यप महास्थविरले यस प्रस्तावमा सबैको राजिं छ कि छैन भन्ने निश्चित रूपले जान्न निम्न प्रस्ताव पेश गर्नुभयो ।

---

★ आकंखमानो आनन्द संघो ममच्चयेन खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनेय्य: महापरिनिर्वाण सूत्र ।

✪ सन्तम्हाकं शिक्खापद'नि गिहीगतानि । गिहीनोपि जानन्ति इदं वो समणानं सक्यपुत्तियानं कप्पति इदं वो नकप्पति । सचेमयं खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनिस्साम भविस्सन्ति वत्तारो धुमकालिकं समणेन गोतमने सावकानं सिक्खापदं पञ्ञत्तं याविमेसं सत्था आसि ताबिमे सिक्खापदेसु सिक्खिसु, यतो इमेसं सत्था परिनिब्बुतो नदानिमे सिक्खापदेसु सिक्खन्तीति । –चूलवग्ग ।

☆ यदि संघस्स पत्तकल्लं संघो अप्पञ्ञत्तं न पञ्ञापेय्य, पञ्ञत्तं न समुच्छिन्देय्य, यथा पञ्ञत्तेसु सिक्खापदेसु समादाय वत्तेय्य । –चूलवग्ग ।



Downloaded from http://www.dhamma.digital

"आवुसो संघ ! यो अवस्था आफ्नो स्वीकृति दिने अवस्था हो । तसर्थ जसलाई भगवानले नबनाएका शिक्षापद नवनाउने, बनाइसकेको शिक्षापद नबिगार्ने बाँकि बनाइराखेको शिक्षापदमा अवनत भई ती शिक्षा पालन गर्नुमा राजी छ त्यसले चूप लाग्नु जसलाई राजी तथा सहगत छैन त्यसले बोल्नु ।" – यो अनुश्रावण भयो ।

अनुश्रावण गरीसकेपछि प्रस्तावको विपक्षमा कसैले केही नबोलेपछि महाकाश्यप महास्थविरले यो प्रस्तावलाई सर्वसम्मतिबाट पास गरेको सम्झनुभई यसो भन्नुभयो ।

"संघको तथागतले नबनाएका शिक्षापद नबनाउने र बनाइराखेको शिक्षापद नबिगारी भएको शिक्षा सबै पालन गर्नुमा राजी छ सहमत स्वीकृति छ, तसर्थ संघहरू सबै चुप लाग्नु भयो अतएव यो प्रस्ताव सर्वसम्मतिबाट पासभयो भनी धारणा (निश्चय) गर्‍यौं ।" यो धारणाभयो ।

यसरी बुद्धद्वारा प्रज्ञप्त गर्नुभएको सम्पूर्ण शिक्षापद जस्ताको तेस्तै रक्षा गर्ने विषयमा निश्चय गरीसकेपछि स्थविर भिक्षुहरूले आनन्द भिक्षुलाई यस्तो भन्नुभयो ।

१– आवुसो आनन्द ! यो तिम्रो दुष्कृत्य हो जुनकि तिमीले भगवान छँदैमा क्षुद्रानुक्षुद्र शिक्षा के हो भनी सोधी राखेनौ । अतएव यस विषयमा तिमीले क्षमा प्रार्थना (देशना) गर ।

"भन्ते ! विष्मृति भएर मैले त्यो कुरा भगवानसंग सोध्न सकेन । यस्मा मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचनलाई सिरोपर गरेर क्षमा प्रार्थना गर्छु ।*

२– यो पनि तिम्रो दुष्कृत्य हो; आनन्द ! जुन तिमीले तथागतको वर्षाण–वस्त्र पाउले टेकेर सियौ । यस विषयमा पनि क्षमा प्रार्थना गर ।

"भन्ते ! त्यो वस्त्र मैले न त अनादार गरी कुल्चेको हो न मैले यसमा दृष्कृत्य देख्छु, तथापि तपाईहरूको वचनलाई सिरोपर गरी क्षमा प्रार्थना गर्छु ।"

३– "आनन्द ! यो पनि तिम्रो दुष्कृत्य हो जुन तिमीले तथागतको शरीरलाई आँसुले भिज्ने गरी सबभन्दा पहिले रोइरहेकी नारीहरूले प्रणाम गरायौं । यसमा पनि तिमीले क्षमा प्रार्थना गर ।

"भन्ते ! मैले ती नारीहरूलाई अवेर नहोवोस् भन्ने विचारले तथागतको शरीर सबभन्दा पहिले प्रणाम गर्न दिएको हुँ । उसमा पनि मैले दुष्कृत्य देख्दिन । तथापि तपाईंहरूको वचनलाई सिरोपर गरी क्षमा प्रार्थना गर्दछु ।"

४– आनन्द ! यो पनि तिम्रो दुष्कृत्य हो जुन भगवानले त्यस्तो स्पष्ट रूपमा आशा हुँदा पनि भगवानसंग एक कल्पसम्म जीवित हुन हवस् भनी प्रार्थना गरेनौ । यसको बारेमा पनि तिमीले क्षमा प्रार्थना गर ।

भन्ते ! मलाई मारले छोपी राखेको हुँदा मैले भगवानसंग त्यसरी प्रार्थना गर्न सकिन । यसमा पनि मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु ।

५– आनन्द ! यो पनि तिम्रो दृष्कृत्य हो जुन तथागतको धर्म-विनय (शासन) मा नारीहरूलाई प्रव्रजित गराउने विषयमा प्रोत्साहन दियौ । यस विषयमा पनि तिमीले क्षमा प्रार्थना गर ।

"भन्ते ! मैले प्रजापति गौतमीलाई भगवानको मुमाको साखै बहीनि सम्झि भगवानको मुमा स्वर्गवास भएपछि भगवानलाई प्रजापति गौतमीले नै स्तनपान गराई पोषण गरे । ठूलो उपकार गरेको सम्झेर नारीहरूलाई तथागतको धर्म विनयमा प्रव्रजित गराउन प्रोत्साहन दिएँ । यसमा पनि मैले दुष्कृत्य देख्दिन तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु ।✧

"भन्ते ! परिनिर्वाण समयमा भगवानले मलाई भन्नु भएको छ कि– छन्न भिक्षुलाई ब्रह्म दण्ड देउ ।"

"अनि आनन्द ! तिमीले तथागतसंग ब्रह्मदण्ड भनेको के हो भनी सोध्यौ त ?"

"सोधेको छु भन्ते ?"

"त्यसो भए तिमीनै गएर छन्न भिक्षुलाई ब्रह्मदण्ड दिन जाउ ।"

"म एकलै जान सक्दैन भन्ते ! छन्न भिक्षु सारै चण्डाल छ ।"

*क्रमशः*

---

★ अपिचायस्मनतानं सद्धाय देसिम तं दुक्कटन्ति । –चूलवग्ग

✧ आनन्द स्थविरलाई दोषी गरेको विषयमा सर्वास्तिहरूको विनय 'दुल्वा' भन्ने तिब्बति पुस्तकमा आनन्द स्थविर अर्हत हुनु अगावै नै उहाँलाई दोष लगायो भनी भनेका छन्– Life of the Buddha, by Rockhill (1907)

# केही बौद्ध विश्वासहरू...

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

## किन केही प्रश्नहरूका उत्तर दिइएन ?

जब प्रश्नकर्ता आफ्नै प्रश्नको सही उत्तर बुझ्न नसक्ने अवस्थामा हुन्छ, बुद्ध मौन रहनु हुन्थ्यो ।

कुन कुनै दार्शनिक प्रश्नहरू गरिंदा बुद्ध मौन रहनु हुन्थ्यो । बुद्धको यस मौनताले गर्दा आफ्नै गलत फहमीले गर्दा कोही कोही विद्वानहरू गलत निष्कर्षमा पुगे । यो कुरा सही हो कि यी विषयहरूमा भ्रम पैदा नहोस् भन्ने खातिर नै बुद्धले यी प्रश्नले उत्तरमा "हो" वा "होइन" भन्नु भएन । जब बुद्धले थाहा पाउनु हुन्थ्यो कि प्रश्नकर्तामा त्यस प्रश्नका ठिक उत्तर बुझ्ने क्षमता छैन, उहाँ मौन रहने गर्नुहुन्थ्यो । यी प्रश्नहरूमा बुद्ध मौन रहनु हुन्थ्यो–

क) के यो ब्रह्माण्ड नित्य छ वा छैन ?

ख) के यो ब्रह्माण्ड कुनै अन्त छ वा छैन ?

ग) के आत्मा र शरीर एउटै हो वा होइन ?

घ) के बुद्धहरू परिनिर्वाण पछि रहनु(बाँच्नु) हुन्छ वा हुन्न?

ङ) के बुद्धहरू परिनिर्वाण पछि रहनु हुन्छ पनि र रहनु हुन्न पनि वा होइन ?

बुद्धले यी प्रश्नहरूलाई सारहीन, अन्त्य नहुने छलफलको रूपमा लिनु हुन्थ्यो त्यसले उहाँ मौन रहनु भयो । तर कसैले यो भन्न सक्दैन कि यी प्रश्नहरूको उत्तर वहाँसँग नभएर नै बुद्ध मौन रहेको थियो ।

## शाश्वतवाद र उच्छेदवाद

बुद्धले उच्छेदवाद र शाश्वतवादका दुबै अन्तलाई अस्वीकार गर्नु भयो ।

सम्यकदृष्टि वा ठीक दृष्टिलाई बुझ्नको लागि सबभन्दा पहिले गलत, अपरिपक्व वा मिथ्या मानिएका दुई दृष्टिलाई बुझ्नुपर्छ । पहिलो दृष्टि हो शाश्वत दृष्टि । यो सिद्धान्त वा विश्वास आध्यात्मिक जीवन वा आध्यात्मिक कुरासँग सम्बन्धित छ । बुद्धको समय भन्दा पहिले यस्तो शिक्षा दिइन्थ्यो कि हामीमा कुनै यस्तो कुरा छ जो सदैव रहिरहन्छ र परमात्मासँग मिलनको लागि हामीले आध्यात्मिक जीवन जिएर त्यस नित्य आत्माको रक्षा गर्नुपर्छ । बुद्ध धर्ममा यसलाई "शाश्वतदिट्ठी" भनिन्छ । यस्ता धारणाहरू आधुनिक युगमा पनि बाँकी नै रहेका छन् ।

बुद्धले शाश्वतदिट्ठीको सिद्धान्तलाई किन मान्नु भएन वा अस्वीकार गर्नु भयो ? किनभने जब हामी यस संसारमा कुराहरूलाई सही रूपमा देख्छौं वा बुझ्छौं, त्यस्ता कुनै पनि कुरा हामी पाउन्नौं जो नित्य छ वा जो सदासर्वदा रहिरहन्छ । सबै कुराहरू परिवर्तन हुन्छन् र परिवर्तनशील सिद्धान्तमा आधारित भएकोले त्यस अनुसार परिवर्तन भई नै रहेकाछन् । जब हामी कुनै कुरालाई त्यसका तत्व (धातु) वा वास्तविकताको रूपमा विश्लेषण गरेर हेर्छौं तब हामी कुनै त्यस्तो कुरा (आत्मा) वा नित्य र सधैं रहिरहने कुरा पाउन सक्दैनौं त्यसैले नै यस शाश्वतदिट्ठीलाई गलत वा मिथ्या मानिएको छ ।

दोश्रो गलत धारणा हो उच्छेददिट्ठी वा मृत्यु पछि कुनै जन्म नै छैन भन्नेहरूको विचार । यो एक भौतिक दर्शन हो । जसले आध्यात्मिकतालाई अस्वीकार गर्दछ । जीवनलाई पूर्ण रूपले भौतिकवादी भएर हेर्नु जीवनलाई आम्शिक र अपूर्ण रूपमा बुझ्नु हो । जीवनको यस पक्षलाई बिर्सन सकिदैन जुन आध्यात्मिकतामा आधारित छ । कुनै पनि कुराको अन्त्यपछि त्यो फेरि अर्को रूपमा बन्दैन भनेर यदि कसैले विश्वास गर्छ भने यहाँ मानसिक पक्षलाई अस्वीकार गरिएको छ । हामीले भौतिक एवं मानसिक दुबै पक्षलाई विचार गरेको एवं बुझेको हुनुपर्छ । हामीले भौतिक एवं मानसिक दुबै पक्षलाई बुझिसकेपछि मृत्युपछि अर्को जन्म हुँदैन र अन्त पछि फेरि अर्को बन्दैन भनेर भन्न सक्दैनौं जीवन सम्बन्धी उच्छेदवादीहरूको यो विचार मिथ्या छ किनभने यो पूर्ण एवं दोष रहित छैन । त्यसैले नै बुद्धले पनि यस दृष्टिलाई स्वीकार्नु भएन । भगवान् बुद्धले मृत्युपछि सम्पूर्ण रूपमा अन्त हुने शिक्षा सिकाउनु भएन भन्ने कुरा प्रमाणित गर्न कर्मको सिद्धान्त नै काफी छ । बुद्ध धर्मले "जीवितता" लाई मान्छ तर कुनै नित्य आत्माको रूपमा नभई कुनै नविकृत जीवको रूपमा ।

## संघ वा भिक्षुहरूको समूह

यदि बुद्धले संघको स्थापना नगर्नु भएको भए आज बुद्ध धर्म संग्रहालयमा मात्रै पाउँथ्यो होला ।

चार समूहका बुद्धका शिष्यहरू भिक्षु, भिक्षुणी, उपासक, उपासिका मध्ये संघ वा भिक्षुहरूको समूह नै भगवान् बुद्धसँग सबैभन्दा निकट रहेका छन् । बुद्धको शिक्षा अध्ययन गर्नु र त्यस अनुसार मार्गदर्शन र सल्लाह दिनु नै बौद्ध भिक्षुहरूको कर्तव्य हो । उसले धार्मिक काय एवं समारोहहरूको सञ्चालन पनि गर्नुपर्ने हुन्छ । बुद्धका वचनहरूलाई बचाएर राख्नु मात्र उसको कर्तव्य नभई



Downloaded from http://www.dhamma.digital

उहाँको शिक्षालाई विश्वभर नै प्रचार गर्नुपनि हो। भिक्षुहरूको उचित निर्देशन र सहयोग विना विश्वको कुनै पनि भागमा बुद्धको शिक्षा प्रचार गर्नु सरल छैन। ईश्वर र मानिसको बीचमा मध्यस्थकर्ताको रूपमा काम नगर्ने हुनाले बौद्धभिक्षुहरूलाई पुरोहितको रूपमा लिइँदैन। उनीहरूले त त्यस्तालार्य मात्र बाटो देखाउन सक्छन् जो आफै मुक्ति पाउन खोज्छ। बुद्धको नजिक पुग्न कुनै मध्यस्तकर्ताको जरूरत छैन। पुरोहित वा कुनै छानिएका व्यक्तिको विशेष हस्तक्षेप पनि चाहिन्दैन।

संघको स्थापना कालदेखि नै भिक्षुहरूका दुई विभिन्न समूहरू थिए– ग्रन्थधुर र विपस्सनाधुर। ग्रन्थधुर ती भिक्षुहरू हुन् जो आम मान्छेहरूसित मिलेर बस्छन् र समाजमा धार्मिक सेवाहरू पुऱ्याउँछन्। साधारणतया शिक्षित र युवक भिक्षुहरू हुन् यो समूहमा सम्मिलित हुन्छन्। विपस्सनाधुर ती भिक्षुहरू हुन्– जो व्यस्त समाजबाट अलग भई भावना अभ्यास मै समय विताउँदछ। धेरै वर्ष पुगेर भिक्षु भएकाहरू यस समूहमा लाग्ने गर्दछन्। समाजमा रहेर काम गर्ने भिक्षुहरूले पनि आफ्नो भावना अभ्यासलाई नटुटाइकन प्रति दिन केही क्षण भए पनि भावना तिर लाग्नुपर्छ। भावना मै समय बिताउनेहरूले पनि अरूलाई कसरी भावना गर्ने भन्ने आवश्यक निर्देशन र सुझावहरू दिनुपर्छ। भिक्षुहरूका यी दुवै समूहहरू त्यत्तिकै महत्वपूर्ण छन्, कुन बौद्ध देशहरूमा केही भिक्षुहरूले भावनाको लागि केही समय छुटयाउँछ र त्यसपछि समाजसेवाको लागि फर्कन्छन्।

बौद्ध भिक्षुहरू बडो सरल जीवन बिताउँदछन् जीवन प्रति उनीहरूको दृष्टि सहनशीलता र सन्तुष्टिताले भरिपूर्ण हुन्छ। भिक्षुहरू बस्ने विहारहरूमा शान्ति, स्थीरता र स्वच्छन्दताको वातावरण हुन्छ। धेरैजसो भिक्षुहरूको हँसिलो अनुहारमा शान्तिको प्रतिक झल्कन्छ। उनीहरूको हँसिलो मुहारमा प्रतिष्ठता, भद्रता एवं गृहस्थताको जिम्मेवारीबाट अनासक्त स्वतन्त्रताको प्रतिविम्वित हुन्छ। धर्मप्रति आस्था, सत्यता एवं दयालुपना नै उनीहरूका कर्तव्य हुन्। धेरै बौद्ध देशहरूमा भिक्षुहरूले धार्मिक क्षेत्रमा मात्र होइन सामाजिक, शैक्षिक, साँस्कृतिक एवं स्वास्थ्य सम्बन्धी कृयाकलापमा पनि सेवा पुऱ्याएका छन्। वास्तवमा परम्परादेखि नै बौद्ध देशहरूमा बौद्ध विहारहरू मानवताको सेवा पुऱ्याउने सबै कार्यहरूको केन्द्र रही आएका छन्।

कहिले काहीं यस्तो पनि सुनिन्छ कि– भिक्षुहरू वास्तवमा चाहिँदैन र उनीहरूलाई वहिष्कार गर्नुपर्छ। भिक्षुहरू विना पनि धर्म अभ्यास गर्न सकिन्छ तर यदि उनीहरू साँच्चै नै भिक्षुहरूलाई वहिष्कार गर्न चाहन्छन् भने सबैभन्दा पहिले उनीहरूलाई भिक्षुहरूबाट नै धर्मको बारेमा अध्ययन गर्ने सल्लाह दिनुपर्छ। यदि बुद्धले संघको स्थापना नगरेको भए उहाँको सत्य उपदेशहरू धेरै पहिले नै यो संसारबाट लोप भैसके होला।

## नारी र बुद्धधर्म

एउटी छोरी छोरा भन्दा पनि असल सन्तान प्रमाणित हुनसक्छ। बुद्धधर्ममा नारीको स्थान अद्वितीय छ। बुद्धले नारीहरूलाई धार्मिक जीवनमा सहभागी हुने पूर्ण स्वतन्त्रता दिनुभयो। नारीहरूलाई धर्ममा स्वतन्त्रता दिने बुद्ध पहिलो धर्म-गुरु हुनुहुन्थ्यो। बुद्धभन्दा पहिले नारीहरूको कर्तव्य केवल भान्छाघरमा मात्र सीमित थियो। उनीहरूलाई कुनै पनि मन्दिर भित्र पस्ने या धार्मिक पठनपाठन गर्ने छुट थिएन। बुद्धको समयमा नारीको स्थान समाजमा निकै नीच थियो। नारीहरूलाई यो स्वतन्त्रता दिइएकोमा अरू समुदायहरूले बुद्धलाई कडा आलोचना गरेका थिए। यस पवित्र संघमा नारीलाई भित्र्याउने वहाँको पाइला त्यसताका ज्यादै हास्यास्पद बन्न पुगेको थियो। तैपनि बुद्धले नारीहरूलाई आफैलाई प्रमाणित गर्न र उनीहरूमा पनि पुरुषहरूले जस्तै अरहत् पद प्राप्त गर्ने क्षमता छ भनेर देखाउने अवसर दिनुभयो। यसैले सच्चा धार्मिक जीवन जिउन सिकाएकोमा र बिश्व इतिहासमा सर्वप्रथम त्यसप्रकारको स्वतन्त्रता दिनु भएकोमा विश्वको प्रत्येक नारी बुद्ध प्रति कृतज्ञ हुनुपर्छ।

बुद्धको समयमा नारीहरू प्रति रहेको धारणाको एउटा राम्रो उदाहरण मारका यी शब्दहरूमा पाउन सक्छौं "दुई औंले ज्ञान मात्र भएका कुनैपनि नारीहरू ती उचाइमा पुग्न सक्दैन जो पण्डितहरूले मात्रै पाउन सक्छन्।"

निःसन्देह यस्तो धारणाहरू परिवर्तन गर्नुमा बुद्ध तीक्ष्ण हुनुहुन्थ्यो। मारको यी कुरा सुनेपछि त्यस भिक्षुणीले यसरी जवाफ दिइन्– "जब आफ्नो मन एकचित्त हुन्छ र ज्ञानको कहिल्यै पनि कमी रहन्न भने के नारीहरू हुँदैमा केही फरक पर्ला र ?"

आफ्नीमहारानीले छोरी पाइन् भन्ने सुन्नासाथ राजा कोशल धेरै निराश भए। छोरा जन्माउने उनको आशा थियो। राजालाई सान्त्वना दिन बुद्धले भन्नु भयो– मान्छेहरूमा हे राजन, एउटा छोरी एउटा छोराभन्दा पनि असल छ भनेर प्रमाणित गर्न सक्छ, तिनी पनि ज्ञानी र गुणी हुन सक्छे। तिनीले जन्माउने छोराले ठूला कार्य गर्न सक्लान्। एक यस्तै प्रसङ्गमा लोग्नेमानिस मात्रै बुद्धिमान हुँदैन, नारीहरू पनि बुद्धिमान छिन् भनेर उनले स्वीकार गरे। *क्रमशः* *साभार- बौद्ध विश्वास (द्वितीय भाग)*

# बुद्धको चमत्कार

■ भिक्षु अश्वघोष

गौतम बुद्ध शान्तिप्रेमी हुनुहुन्छ । बुद्ध आफू बोध भएपछिमात्र अरूलाई बोध गराउनु हुन्छ । आफू शान्त भएपछिमात्र अरूलाई शान्त हुनुपर्ने उपदेश दिनुहुन्छ। बुद्ध यथावादी तथाकारी अर्थात् जसरी बोल्नुहुन्छ, त्यसरी नै काम गर्नुहुन्छ र क्रियाशील हुनुहुन्छ । यो कुरा बुझ्नको लागि बुद्धकालीन घटना एउटा प्रस्तुत गर्दछु ।

भारद्वाज नामक एकजना ब्राह्मण थियो । उसको स्वास्नी धनञ्जानी नामकी ब्राह्मणी थिईन् । ऊ भगवान् बुद्धकहाँ गई शिक्षा लिई तालिम प्राप्त भएकी थिइन्। मतलब बोध भएकी। भारद्वाज ब्राह्मण भने साह्रै रिसालु आक्रोश स्वभावको थियो । त्यसैले धनञ्जानीको विवाह हुनेभन्दा पहिले नै उसको बुबाले सोधेको थियो– छोरी, भारद्वाज ब्राह्मण त साह्रै नै रिसालु रे, तिमी ऊसंग बस्न सक्छौ ?

धनञ्जानीको उत्तर थियो– म बुद्धकहाँ शिक्षा लिएर आएकी हुं। मेरो राम्रो व्यवहारले उसको हृदय परिवर्तन र बोध गराउन प्रयत्न गर्नेछु ।

धनञ्जानीको विवाह भारद्वाजसंग नै भयो । यसको एउटा यस्तो बानी थियो, हाच्छ्यूं आउँदा र हाई आउँदा पनि बुद्धस्मरण गरी **"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"** भनी नमस्कार गर्ने गर्थिन्। तर उसको पति भने ठीक उल्टो स्वभावको रहेछ। उसलाई भगवान् बुद्धको नामै सुन्न मन पर्दैन्थ्यो । तसर्थ उसले आफ्नी स्वास्नीलाई भन्यो– मेरो अगाडि बुद्धको नाम नलिनु है, राम्ररी भन्दैछु ।

धनञ्जानी साह्रै राम्री र हिसि परेकी मात्र होइन, घर मा गर्नुपर्ने सबै काम दिलैदेखि गर्ने बानी भएकी थिइन्। तिनी घरमा आएदेखि लक्ष्मी भित्रिएको जस्तो राम्रो वातावरण बनेको थियो। त्यसैले धनञ्जानी माइती जाने भन्नासाथै भार द्वाज ब्राह्मण थर्कमान हुन्थ्यो। अनि उसले स्वास्नीलाई भन्छ - तिमी माइती जाऊ भनेको होइन नि। मेरो अंगाडि मात्र बुद्धको नाम नलिनु भनेको नि ।

एक दिन भारद्वाज ब्राह्मणले आफ्नी स्वास्नीलाई भन्यो– मैले मेरो ब्राह्मण गुरुहरूलाई भोजन गराउनु छ । कमसेकम मेरो गुरुहरूको अगाडि त बुद्धको नाम नलेऊ है ।

धनञ्जानीले भनिन्– ग्यारेन्टी त लिन सक्तिन, तर पनि सकभर बुद्धको नाउँ नलिने प्रयत्न गर्नेछु ।

निश्चित समयमा ब्राह्मण गुरुहरू घरमा आइपुगे । भोजनको लागि सबै बस्तु तयारी भयो । धनञ्जानीले खूब मिठो हुने गरी पकाइदिइन् । तर खाना परोस्दै गर्दा तिनलाई हाच्छ्यूं आयो र तुरून्तै **"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"** भनी नमस्कार गरिन् । गौतम बुद्धको नाउँ लिनासाथ गुरु-ब्राह्मणहरूलाई खूब रीस उठ्यो । उनीहरूले भने– देशमा अरू एउटी पनि आइमाई नभएकोले यस्ती अलक्षिण बुद्धकी उपासिका विवाह गरेर ल्याएको ?

गुरु ब्राह्मणहरू रिसाएर भोजन नै नगरिकन उठेर गए । भारद्वाज ब्राह्मणलाई साह्रै बेमज्जा भयो । आफ्नी स्वास्नीलाई गाली गरुं भने माइती जाने भन्छिन्। ९९ प्रतिशत लक्षणले पूर्ण छिन् । बुद्धको नाउँ लिई नमस्कार गर्ने एउटामात्र अवगुण छ। बरु यसलाई गाली गर्नुभन्दा उसको गुरु भगवान् बुद्धलाई नै गाली गर्नु पर्ला भनी विचार गरी खुरुखुरु ऊ बुद्धकहाँ गएर एक्कासी तँ गोरु, तँ भेंडा, तँ गधा आदि नाम लिई जथाभावी गाली गर्न शुरू गऱ्यो । भगवान् बुद्ध कत्ति पनि रिस नगरी मुसुमुसु हाँसिरहनुभयो ।

बुद्धले सोध्नुभयो– ब्राह्मण ! तपाईंको घरमा पाहुना आउने गर्छ कि गर्दैन ? पाहुनाले उपहार पनि लिएर आउँछ कि आउँदैन ? यदि पाहुनाले लिएर आएको उपहार तपाईंले लिनु भएन भने के हुन्छ ?

ब्राह्मण– पाहुनाले नै लिएर जान्छ ।

बुद्ध– आज मकहाँ पनि एक जना पाहुना आएको छ, उसले धेरै कोशेली पनि लिएर आएको छ ।

ब्राह्मण– को त्यो पाहुना ?

बुद्ध– तपाईं नि। तपाईंले धेरै कोशेली लिएर आउनु भएको छ नि ।

ब्राह्मण– मैले त केही पनि कोशेली ल्याएको छैन ।

बुद्ध– तपाईंले गोरु, गधा, भेंडा आदि ल्याउनुभएको छ नि। ती उपहारहरू मैले स्वीकार गरेको छैन। तपाईंले ल्याएको तपाईंले नै लिएर जानुस् ।



Downloaded from http://www.dhamma.digital

बुद्धको कुरा सुनी ब्राह्मण अकमक्क भएर बस्यो । त्यत्ति अभद्र रूपमा मैले गाली गरेर पनि रिसाएन । उसले बुद्धसंग प्रश्न गरे– तपाईंलाई किन रिस नउठेको ? कसरी सहेर बस्न सकेको ?

बुद्ध- म विपश्यना ध्यान अभ्यास गर्दैछु । त्यसैले सहन सकेको ।

भारद्वाज– विपश्यना भनेको के चीज हो ?

बुद्ध– श्वास बाहिर गयो, भित्र आयो भनी त्यसमा ध्यान दिनुलाई विपश्यना भनिन्छ । यो अभ्यास गरेपछि आफूलाई आफैले चिन्न सक्ने र यो शरीर स्थायी छैन, अनित्य हो, आफ्नो वशमा छैन भन्न स्पष्ट हुन्छ । मनमा भएको रिस, क्रोध, अहंकार आदि विकार सबैलाई त्याग्न सक्छ । यही ध्यान साक्षात्काररूपमा अभ्यास गरिरहेकोले ममा सहनशीलत भएको हो । मनमा राम्रो कल्पनालाई मात्र राख्ने । नराम्रो कल्पनालाई पन्छाइदिने । अनि शान्ति मिल्छ ।

भारद्वाज ब्राह्मणले विचार गऱ्यो, यो एकचोटी अभ्यास गरेर हेर्न लायक छ । बुद्धको कथनअनुसार उसले पनि अभ्यास गर्न थाल्यो एकचित्त गरेर । साँच्चै नै उसलाई शान्तिको अनुभव हुन थाल्यो । किनभने उसको मनमा रिस कम भयो ।

उसलाई लाग्यो, मैले कस्तो अभद्र र असभ्यरूपमा बुद्धलाई गाली गरें । उहाँ रिसाएनन् । यो त ठूलो चमत्कार हो । मैले पनि विपश्यना अभ्यास गरिसकेपछि ममा रहेको रिस र क्रोध हराएर गयो । भारद्वाज ब्राह्मण बोध भयो । उसले बुद्ध समक्ष वाचा गऱ्यो– म बुद्धको अनुयायी भएं ।

भारद्वाज ब्राह्मण बुद्धसंग विदा भएर घर गयो । घरमा गएर धनञ्जानीलाई भन्यो– तिमी बुद्धकहाँ गएर शिक्षा लिई कसरी ज्ञानी भएकी भनेर अब मैले थाहा पाएँ । म पनि बुद्धमार्गी बनें । तिमीले बुद्धको नाउँ लिए पनि म रिसाउँदिनं । चित्त शुद्ध हुने शिक्षा लिइ सकें ।

आजकल बुद्धका् यथार्थ चमत्कारतिर ध्यान नदिइकन आकाशमा उडेर जाने, शरीरबाट आगो निकाल्ने आदि चमत्कारलाई महत्व दिने गर्दछ । यो बुद्धशिक्षाको विपरीत चमत्कार हो । ■


# न्यू मालाकार क्याटरिङ्ग एण्ड रेण्टल सर्भिस

*सम्पर्कको लागि:*

रविन्द्र महर्जन

लगन टोल, काठमाडौं ।

फोन: २०१००२६, २३८६५६२

मोवाइल: ९८५१०-१२१८२

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १८

## (दोस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

"महाराज ! यी झ्यालहरूलाई खोलिदिएमा हामीहरू यहीं बसीबसी खुल्ला आकाशतिर हेर्दा बाहिरका सबै रूपहरूलाई स्पष्ट देख्नसक्छौं । त्यसरी नै के हाम्रा शरीर भित्र बस्ने जीवले आँखा नभए पनि खुला आकाशतिर हेर्दा सबै रूपहरूलाई स्पष्ट देख्नसक्छ, कान, नाक, जिब्रो र शरीर नभए (खोलिनाले) पनि शब्दहरू स्पष्ट सुन्नसक्छ, गन्धहरू सुँघ्न सक्छ, रस चाख्नसक्छ र चीजहरू स्पर्श गर्नसक्छ ?"

"सक्तैन भन्ते !"

"महाराज ! त्यसो भए तपाईंले पहिले भन्नु भएको कुरा पछिको सित र पछि भन्नु भएको कुरा पहिले भन्नु भएको कुरासित मेल खाँदैन ।"

"महाराज ! यदि दिन्न (नामको व्यक्ति) यहाँबाट बाहिर गएर ढोकामा उभियो भने के तपाईं यो कुरा जान्नुहुन्न ?"

"हो भन्ते ! जान्दछु ।"

"महाराज ! यदि दिन्न फेरि भित्र आएर तपाईंको अगाडि उभियो भने के तपाईं यो कुरा जान्नुहुन्न ?"

"हो भन्ते ! जान्दछु ।"

"महाराज ! यसरी नै हाम्रो शरीरभित्र बस्ने जीवले जिब्रोले बाहिरको रस जान्दछ– यो अमिलो छ, नुनिलो छ, तीतो छ, खिरयाउने छ, टर्रो छ, अथवा मिठो छ ?"

"हो भन्ते जान्दछ ।"

"ती रसहरू शरीरभित्र जाँदा भित्र बस्ने जीवले ती रसहरूको अनुभव गर्छ कि गर्दैन– यो अमिलो छ, नुनिलो छ, तीतो छ, खिरयाउने छ, टर्रो छ, अथवा मिठो छ भनेर ?"

"होइन भन्ते ! अनुभव गर्दैन ?"

"महाराज ! त्यसो भए तपाईंले पहिले भन्नु भएको कुरा पछिको सित र पछि भन्नु भएको कुरा पहिले भएको कुरासित मेल खाँदैन ।"

"महाराज ! कुनै मान्छेले एकसय गाग्रा मह झिकाएर एउटा ठूलो भाँडामा खन्याउने काम गर्छ । त्यसपछि एउटा मान्छेको मुख राम्रोसित बाँधन लगाएर त्यो मह भरेको भाँडामा डुबाउन लगाउँछ अब तपाई भन्नुहोस् के त्यो महमा डुबेको मान्छेले भन्नसक्छ त्यो मीठो छ अथवा छैन ?"

"भन्ते ! भन्नसक्तैन ।"

"किन भन्नसक्तैन ?"

"किनकि मह उसको मुखमा पस्नै पाउँदैन ।"

"महाराज ! त्यसो भए तपाईंले पहिले भन्नु भएको कुरा पछिको सित र पछि" भन्नु भएको कुरा पहिले भन्नु भएको कुरासित मेल खाँदैन ।"

"भन्ते ! तपाईंजस्तो विद्वानसित म के बहस गर्नसक्छु र ! कृपा गरेर भन्नुहोस् कुरो के हो ?"

"त्यतिबेला स्थबिरले राजा मिलिन्दलाई अभिधर्मको अनुसार सबै कुरा सम्झाउनुभयो ।"

"महाराज ! चक्षु र रूप हुनाले चक्षु-विज्ञान उत्पन्न हुन्छ । त्यो उत्पन्न हुनासाथ स्पर्श, वेदना, संज्ञा, चेतना र एकाग्रता केहीमा एउटा उत्पन्न हुन्छ । यसरी अरू इन्द्रियहरूसित पनि सम्झनुपर्छ । यी धर्महरू एक अर्कोको हुनाले उत्पन्न हुन्छन् । कोही जान्ने (ज्ञाता, आत्मा) छैन ।"

"भन्ते ! तपाईंले राम्ररी सम्झाउनु भयो ।"

**२४. जहाँ जहाँ चक्षु विज्ञान हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान हुन्छ**

राजाले भन्नुभयो– "भन्ते ! जहाँ जहाँ चक्षु विज्ञान उत्पन्न हुन्छ त्यहाँ के मनोविज्ञान पनि उत्पन्न हुन्छ ।"

"हो महाराज ! त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! पहिले कुन उत्पन्न हुन्छ चक्षुविज्ञान कि मनोविज्ञान ?"

"महाराज ! पहिले चक्षुविज्ञान त्यसपछि मात्र मनोविज्ञान ।"

"भन्ते ! के चक्षुविज्ञानले मनोविज्ञानलाई आज्ञा दिन्छ कि "जहाँ जहाँ म उत्पन्न हुन्छु त्यहाँ त्यहाँ तिमी पनि उत्पन्न हुनू" अथवा मनोविज्ञानले चक्षुविज्ञानलाई आज्ञा दिन्छ, जहाँ जहाँ तिमी उत्पन्न हुन्छौ त्यहाँ त्यहाँ म पनि उत्पन्न हुन्छु ?"

"होइन महाराज ! तिनीहरूमा एक अर्कामा यस्तो आज्ञा दिने भन्ने कुरा हुँदैन ।"

"भन्ते ! त्यसो भए के कुरो हो त जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुन्छ ?"

"महाराज ! तिनीहरूमा यस्ता (१) ओरालोपन हुनाले (२) ढोका हुनाले (३) बानी पर्नाले र (४) व्यवहार (मैत्री) हुनाले ।"

"भन्ते ! (१) ओरालोपन हुँदा कसरी जहाँ जहाँ चक्षुविज्ञान हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि हुन्छ ? कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यो भन्नुहोस् कि पानी पर्दा पानी कतातिर ढल्किएर बग्छ ?"

"भन्ते ! जता जग्गा ओरालो छ त्यतैतिर पानी ढल्किएर बग्छ ।"

"फेरि कुनै अर्को दिन पानी परेमा कतातिर बग्छ ?"

"भन्ते ! त्यतैतिर ।"

"भन्ते ! के पहिले परेको पानीले पछि परेको पानीलाई आज्ञा दिन्छ जतातिर ढल्किएर म बग्छु उतैतिर तिमी पनि बग्नू ?" अथवा पछि परेको पानीले पहिले परेको पानीलाई आज्ञा दिन्छ, जतातिर तिमी बग्छौ उतैतिर म पनि बग्छु ?"

"होइन भन्ते ! तिनीहरूको बीचमा यस्तो कुरो हुँदैन । जग्गा ओरालो हुनाले नै दुबै परेको पानी त्यतैतिर बग्छ ।"

"महाराज ! यसरी नै ओरालोपन हुनाले जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि हुन्छ । एक अर्कामा कुनै आज्ञा दिने भन्ने कुरो हुँदैन ।

"भन्ते ! (२) ढोका हुनाले कसरी जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि हुन्छ ? कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै राजाको सीमान्त-प्रान्त (सीमानाको प्रदेश) मा एउटा नगर छ जुन बलियो पर्खालले घेरिएको तथा जसको नगरद्वार (भित्र बाहिर जाने ढोका) पनि धेरै बलियो छ । त्यो नगरमा एउटा मात्र ढोका छ । त्यति बेला कुनै मान्छे त्या नगरबाट बाहिर निस्कन चाहयो भने कतातिर बाट निस्किन्छ ?"

"भन्ते ! त्यही ढोका (निकास) भएर निस्कन्छ ।"

"त्यसपछि कुनै अर्को मान्छे निस्किन चाह्यो भने कतातिरबाट निस्किन्छ ?"

"भन्ते ! त्यही ढोका भएर ।"

"महाराज ! के यहाँ पहिलो मान्छेले दोस्रो मान्छेलाई आज्ञा दिन्छ कि म जतातिरबाट निस्किन्छु, त्यतैतिरबाट तिमी पनि निस्कनू, अथवा दोस्रो मान्छेले पहिलो मान्छेलाई आज्ञा दिन्छ कि तिमी जतातिरबाट निस्किन्छौ उतैतिरबाट म पनि निस्किन्छु ?"

"होइन भन्ते ! उनीहरूको बीचमा कुनै कुरा हुँदैन । ढोका हुनाले नै जतातिरबाट एक जना निस्किन्छ त्यतैतिरबाट अर्को पनि निस्किन्छ ।"

"महाराज ! यसरी ढोका हुनाले जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ । उनीहरूको बीचमा कुनै कुरा भएको हुँदैन ।"

"भन्ते ! (३) बानी पर्नाले कसरी जहाँ जहाँ चक्षुविज्ञान हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ । कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! अगाडि एउटा गोरुगाडा गएको छ भने दोस्रो गोरुगाडा कतातिर जान्छ ?"

"भन्ते ! जतातिर पहिलो गोरुगाडा गएको हुन्छ उतैतिर दोस्रो गोरुगाडा पनि जान्छ ।"

"महाराज ! के पहिलो गोरुगाडाले दोस्रो गोरुगाडालाई आज्ञा दिन्छ अथवा दोस्रो गोरुगाडाले पहिलो गोरुगाडालाई आज्ञा दिन्छ ?"

"दिँदैन भन्ते ! उनीहरूको बीचमा यस्तो कुनै कुरो हुँदैन । (गोरुहरूमा) यस्तो बानी बसेको हुनाले नै एक अर्काको पछि हिंड्छन् ।"

"महाराज ! यसरी बानी गर्दा जहाँ जहाँ चक्षुविज्ञान हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि हुन्छ । उनीहरूमा कुनै कुरो हुँदैन ।"

"भन्ते ! (४) व्यवहार (प्रयोग, उपयोग) हुनाले कसरी जहाँ जहाँ चक्षुविज्ञान हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि हुन्छ ? कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! मुद्रा (सिक्का, टक) गणना, संख्या र लेखा (श्रेस्ता, हिसाब, किताब) इत्यादिको शिल्प (सीप, इलम, पेशा) हरूमा नयाँ प्रशिक्षार्थी (सिकारू, तालिमे) ले बारम्बार भूल गर्छ । कति नै होशियार भएर बारम्बार व्यवहार गरे पनि उसको भूल भइरहन्छ । यसरी व्यवहार ले गर्दा जहाँ जहाँ चक्षुविज्ञान उत्पन्न हुन्छ त्यहाँ त्यहाँ मनोविज्ञान पनि उत्पन्न हुन्छ ।"

"यस्तै किसिमले अरू पनि इन्द्रियहरूको विज्ञानसित मनोविज्ञान उत्पन्न हुन्छ ।"

"भन्ते ! तपाईंले राम्रो सम्झाउनुहोस् ।"

*क्रमशः*

# सिद्धि होइन साध्य चाहिन्छ

■ नरेन्द्रनाथ भट्टराई

सिद्धिमा लागेर सफल हुने मानिस सिद्ध बन्दछ, साध्यमा लागेर सफल हुने मानिस साधु बन्दछ । मानिस जति-जति सिद्धितिर लाग्दछ उति-उति उसमा चमत्कार देखिन थाल्दछ । सिद्धहरू कस्ता कस्ता हुन्छन्, कोही श्वास रोकेर कैयौं दिनसम्म बस्दछन् । कोही चमत्कार देखाउने, भविष्यवाणी गर्ने, उपचार गर्ने, जमीन माथि उठ्ने तथा कोही पानीमा हिंड्ने पनि गर्दछन् । यस्ता सिद्धबाबाका पछि नै अधिकांश मानिस लाग्दछन् । यस्ताले नै प्रतिष्ठा, मान्यता, धन र इज्जत पाएर यसैमा मक्ख भएर बस्दछन् । तर करोडौंमा एकाध मानिस मात्र साध्यतिर लागेर साधु बन्दछन् । सिद्ध संसारमै बस्दछ, संसारी नै हुन्छ र संसारमै मर्दछ । तर साधु संसारमा बसेर पनि संसारी हुँदैन सद्‌चितआनन्द स्वरूप परमात्मा नै हुन्छ ।

*एक झिल्को आगोले यदि फैलनं पायो भने घर बस्ती नै तहस-नहस पारिदिन सक्दछ यसै गरी अलिकति पनि अभिमानले ठाउँ पायो भने हामीलाई सर्वनाश पारिदिनसक्छ । आगोको झिल्को समेत नराखी निभाइदिने हो भने आगलागीको भय नै नरहेजस्तै अभिमान पनि पूरै हटाइदिने हो भने हामीलाई दुःखले कहिल्यै छुनेछैन ।*

*साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)*

स्वामी रामतीर्थ एकदिन हरिद्वारबाट गङ्गाजीको तीरैतिर एकधूनमा अघि बढ्दै हुनुहुन्थ्यो । बाटोमा त्यस्ताकाका एक महान् सिद्ध पुरुष ओडार बाहिर बसिरहेका थिए। त्यहाँ नअडिई राम आफ्नो बाटो लाग्नु भयो। आफूलाई कुनै आदर सत्कार प्रकट नगरी अघि बढेका रामतीर्थलाई देख्दा ती तपस्वीलाई अभिमानले छोपिहाल्यो । त्यसै बेला र ामतीर्थले "मैले ती महात्मालाई प्रणाम नगरी हिंडेछु" भन्ने कुरा सम्झिएर तुरुन्तै फर्किएर आएर क्षमा याचना गर्दै प्रणाम गर्नुभयो। गौरावान्वित हुँदै ती तपस्वीले रामतीर्थलाई भने– "म को हुँ ! चिनेका छौ ?" रामतीर्थले "माफ गर्नुहोस् । मैले चिनेको छैन" भन्नु भयो । "म यस्तो सिद्ध महात्मा हुँ जसले ४० वर्षको कठोर साधना पश्चात् गङ्गाजीमाथि जमीनमा जस्तै गरी पैदल यात्रा गर्न सक्दछु" भनी भने । कसरी, हेरूँ न त ! भनी रामतीर्थले भन्नुभयो र आफ्नो लागि एउटा माझिलाई डुङ्गा तयार पार्न लगाएर आफू डुङ्गासँगै पानीको धारमा टेक्दै पारी पुगे । "देख्यौ मेरो सिद्धि !" भनी ती सिद्धले भन्दा रामतीर्थले "देखें, एकैछिन पछि म कुरा गर्छु पहिले यी माझीलाई पैसा दिउँ है" भनी "नदी पारी ल्याएको पैसा कति दिउँ हँ ?" भनी माझीलाई सोध्नु भयो। माझीले "चार आना" भनी भने । चार आनाले पुग्छ त भनी भन्दा खुशीसाथ पुग्छ भनी माझीले भने। तब रामतीर्थले ती सिद्धलाई भन्नुभयो– "लौ हेर्नुहोस् महात्मा तपाईंको ४० वर्षको कठोर साधनाको कमाई कति रहेछ। सिर्फ चार आना !" यो डुङ्गामा एकैपटक अरू ७/८ जना मानिस पनि पारी आउन सक्थे तर तपाईं त केवल आफू एक जना मात्र आउन सक्ने अरूलाई ल्याउन पनि नसक्ने भएपछि त तपाईं पारी आएको मूल्य त चार आना बराबर पनि भएन ! ४० वर्षको साधना यही हो ?"

यस्तै हो सिद्ध बाबाहरूको सिद्धि !

■


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धनं, विस्सासा परमंञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस् ।*

**प्रत्येक महिनाको**

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइबेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्रीःघः विहार**




Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ४२

■ रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
*रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाण्डौं, फोन नं: ४२२४०८५*

## प्राणिक हिलिङ्ग एक परिचय

चमत्कार परिवर्तन छ, र परिवर्तन नै चमत्कार हो।

सम्पूर्ण चमत्कार परिवर्तनशील छ र सम्पूर्ण परिवर्तन चमत्कार हो।

प्राणिक-हिलिङ्ग दुईवटा शब्दको एउटा जोड हो। जसको भिन्दा भिन्दै अर्थ लाग्दछ र त्यस्को आफ्नै महत्व छ।

प्राणिकको अर्थ प्राण, जीवन भन्ने लाग्दछ। हिलिङ्गको अर्थ आत्मियता वा उपचार भन्ने लाग्दछ।

यस पद्धति परम्परा जबदेखि मानव समाजको सृजना ब्रह्माण्डमा शुरुवात भयो त्यस समयबाट भएको पाइन्छ। तर पनि यस पद्धति समय समयमा गुरुहरूबाट र भगवानहरूद्वारा विभिन्न प्रकारबाट प्रस्तुत गरेको पाइन्छ।

प्राणिक-हिलिङ्ग परापूर्वकालमा मंगोल साम्राज्य (जसलाई हाल चीनको पेकिङ्ग शहर भनिन्छ) मा बुद्ध पुरुषहरूले आफ्नो शिष्यको माध्यमबाट प्राणिकहरूको असाध्य रोगहरू र आत्मामा लाग्ने प्रकोपबाट छुटकारा दिनको लागि उपयोग गरेका थिए। यस पद्धतिलाई राम्रोसित अध्ययन गर्न उपचारकले आफ्नो अभ्यासलाई निरन्तरता दिन अति आवश्यक छ।

अभ्यास भन्नाले प्राणि-हिलिङ्गका उपचारकले नियमित पालना गर्नु पर्ने आहार विहार र व्यायामका साथै उपचारलाई मान्नु पर्दछ। आहार विहार भन्नाले स्वस्थ व्यक्ति होस् वा अस्वस्थ व्यक्तिले प्रकृतिविरुद्ध आहार दिनु स्वास्थ्यको लागि उत्तम मानिदैन। साथै व्यायाम भन्नाले स्वास प्रश्वासका साथै शरीरलाई प्रकृति अनुसारै सञ्चालन गर्ने पद्धतिलाई बुझाउँछ।

संसारमा यस्ता महापुरुषहरूको जन्म भएको छ जसको जीवनको समग्र उद्देश्य नै प्राणि जगतको आध्यात्मिक उत्थान गर्ने कार्यमा समर्पित भयो। यस्ता कतिपय महापुरुषलाई हामी चिन्दछौं भने कतिपयलाई हामीले बिर्सी सकेका छौं या चिकेका छैनौं। यस्ता व्यक्तिहरूको समय समयमा विभिन्न नामले प्रसिद्धि प्राप्त गरेका छन्। तिनीहरूलाई स्वामि, अवतार, दिव्यपुरुष, रक्षक, सन्देशवाहक, गुरु, सन्त आदि विशेषणबाट परिचित भएका छन्। शब्दमा जति भिन्नता देखिएतापनि उहाँहरूको उद्देश्य अलौकिक प्राणिहरूको उत्थान गर्नु हो।

यहाँ पनि भारतका प्रखर भाषाविज्ञ आचार्य श्री मण्डुसाजीले स्वस्थ समाज निर्माण गर्न प्राणिक-हिलिङ्ग पद्धतिलाई उन्नाइसौं शताब्दिबाट शुरुवात गर्नु भएको आध्यात्मिक उपचार पद्धतिको वारेमा परिचय गराउन लागेका छौं। प्राणिक-हिलिङ्ग शब्दबाटै परिचित एउटा महत्वपूर्ण शब्द हो जस्तो शाब्दिक अर्थ प्राण-जीवन वा उर्जा भन्ने बुझिन्छ। वेद उपनिषद पूराण आदिमा प्राचिनकालबाट जीव निर्जिव प्राणिहरूले व्यवहारिक रूपमा प्रायोग वा परिचालन गरि आएको वारे उल्लेख गरेको पाइन्छ। महर्षि व्यास, धन्वन्तरी र चरक आदि गुरुहरूले पनि आ-आफ्नो आश्रममा शिष्यहरूलाई यस पद्धतिको शिक्षा प्रदान गरेको पाइन्छ। साथै इतिहासमा पाइए अनुसार गौतम बुद्धले पनि यस उपचार पद्धतिलाई पहिलो पटक वैद्य रत्नगर्भ समक्ष प्रकट गर्नु भएको थियो, यस आध्यात्मिक उपचार विधिलाई बुद्ध वर्षको अन्ततिर तन्त्रविद्यामा लिपिवद्ध गरिएको मंगोल ग्रन्थमा उल्लेख गरेको पाइन्छ।

नेपालमा पनि रेकी वैकल्पिक उपचार केन्द्रले ई.सं. १९९२ जनवरी १५ तारिखबाट प्राणिक हिलिङ्गको अभ्यास शुरु गरी परिक्षणको रूपमा हजारौं व्यक्तिहरूको शारीरिक एवं मानसिक रोग नियन्त्रण एवं निदान गरी सके पश्चात् २०६३ साल असार १ गतेदेखि नेपालमा सर्वप्रथम जनसाधारणका लागि खुल्लारूपमा शिक्षा दिने परम्परा शुरु गरेको हो।

■

# यात्रा संस्मरण : लुम्बिनीमा क्षान्तिको अभ्यास

■ शशिकला मानन्धर

म धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको सदस्य भएको अढाई वर्ष भयो । २०६४ साल बैशाखको बुद्ध जयन्ती मनाउन धर्मकीर्ति विहारद्वारा आयोजित लुम्बिनी यात्रामा मैले पनि भाग लिएको थिएँ । त्यो बेलाको संस्मरण मेरो मानसपटलमा ताजै छ ।

लुम्बिनी पुग्न लाग्दा हाम्रो मिनी बस राजमार्गबाट दक्षिणतर्फ मोडियो । हामी भगवान् बुद्धको मामाघर, देवदह पुग्यौं । नाम अनुसार दह (पोखरी) होला भन्थानेर मैले त्यहाँ पोखरी खोज्न थालें, तर मैले त्यहाँ पोखरी देखिन । बरु एउटा मन्दिरमा ६ जना बहिनीहरूसंग बसिरहेकी मायादेवीको मूर्ति देखें । पुजारिले मायादेवी जेठी छोरी र प्रजापति गौतमी कान्छी छोरी भनेर भन्नुभयो । थाहा नपाईरहेको कुरा एउटा बल्ल थाहा पाएँ मैले । मन्दिरभन्दा अलि पर एउटा आकर्षक रूख देखें । झ्वाम्मपरेको, छाता आकारको, थुप्रै हरियो पात भएको त्यो रुखको नाम "पाकरी" रहेछ । बनस्पति शास्त्रको विद्यार्थी भएकीले होला, मेरो मन त्यो रूखले तान्यो, म नजिक गएर त्यो रूखको पातलाई स्पर्श गरिहेरें । त्यहाँका स्थानीय बासिन्दाहरूसित एकछिन रूखबारे कुराकानी गरें । पाकरी रूखको नामले त्यो गाउँको नाम नै पाकरी गाउँ हुन गएको रहेछ । हरियो पातै पातले सजिएको त्यो रूखमा कहिल्यै पनि फूल फूल्दैन, स्यांगुलि जस्तो बिउ मात्र फल्छ, जाडो याममा एकैचोटि सबै पात झर्दैन एक वर्षमा रूखको आदिभागको पात मात्र झर्छ, रूखमा कहिल्यै पनि चराचुरूङ्गी बस्दैन, चराचुरूङ्गीले गुँड बनाउँदैन, रूखको छेउ हात्ती जाँदैन । त्यस्तो आश्चर्यलाग्दो पाकरी रूखको संरक्षण र अनुसन्धान भयो भने ऐतिहासिक देवदह, एउटा आकर्षक पर्यटकीय स्थल हुनसक्छ भनेर मैले मनमनले गुनें ।

बेलुकी आठ बजेतिर हामी लुम्बिनी पुग्यौं । श्रद्धेय धम्मवती गुरुमांको नेतृत्वमा बनाएको गौतमी विहारमा बस्ने व्यवस्था भयो । तर धेरै मान्छे आएकाले बस्ने ठाउँको व्यवस्था गर्न समय लाग्यो । साथी प्रतिमा मानन्धरले कोठाको व्यवस्था गरिदिइन् । तर तीनवटा जोडेको डबलबेडमा आठजना सुत्नुपर्दा कोचाकोच भयो । आफूलाई एक्लै सुत्ने बानी भएकोले त्यहाँको परिस्थिति देखेर रुन मनलाग्यो । त्यतिमात्र होइन माथि दलिनमा झुण्डिएको पंखाले गर्दा क्वाररर आवाज गुन्जिरह्यो, संगै सुत्नेहरूको मुखबाट घ्वाररर निद्राको स्वर गुन्जिरह्यो, पिडौंलामा फोका फोका उठ्ने गरी लामखुट्टेले टोकिरह्यो । उफ् ... आँखा मात्र चिम्लेर रात बिताँए मैले ।

बिहान भयो । रातभरी सुत्न नसकेकोले टाउको भारि भइरह्यो । सात बजिसकेर पनि जलपान तयार भएन । मलाई त चिया खान हतार भयो । खानपीनको जिम्मा लिनेहरूले चिया खाइरहेको देखें । म उनीहरू नजिक गएर चिया मागें । एक ठिटोले प्लाष्टिकको कप हातमा दिनेबित्तिकै एक महिला दौडेर आइन् र मेरो हातको कप ठुटेर लिइन् । एकजनालाई खान दिएपछि अरू पनि आउँछन्, जलपान गर्ने बेलामा मात्र चिया खान पाउँछ, घरमा जस्तो हुन्छ यहाँ ? ती महिलाले हप्काइन् मलाई । म त वाल्ल परें । ती महिलाको बोलि मेरो कानमा किरा पसेजस्तो पस्यो ।

मेरो मनले प्रतिकार गर्न थाली हाल्यो । खानपीनका लागी मैले हिजो बेलुका नै तीनसय रुपियाँ तिरिसकेकी थिएँ । जाबो चिया एक कप बढी गए तिनीहरूको कति नै खर्च जान्छ ? तिनीहरूलाई कति नै घाटा लाग्छ ? चिया खान नपाएर मात्र होइन, ती महिलाको खस्रो व्यवहार देखेर दुख लाग्यो । हाम्रो खानपीनको जिम्मा लिएर काठमाडौंदेखि समूहमा आएकी ती महिलाको थुलथुले शरीर हेर्दै म चुप लागें, जलपानको समय कुरें ।

जलपान पछि लुम्बिनी घुम्न गयौं । बाटोमा शान्तिदीप बत्ती हेरें त्यसपछि ठाउँठाउँमा विभिन्न देशबाट निर्माण गरिएका विहारहरू । मलाई सबभन्दा तारा फाउन्डेसन (जर्मनीले बनाएको विहार) र जापानी बौद्ध संस्था (निप्पोजान) ले बनाएको विश्वशान्ति स्तुप राम्रो लाग्यो ।

लुम्बिनीको मुख्य ठाउँ, जहाँ भगवान् बुद्धको जन्म भयो, जस्लाई "मायादेवी मन्दिर" भनिन्छ, मलाई त्यति रम्रो लागेन, बाहिरबाट हेर्दा एक तले घर जस्तो लाग्ने, कौसीमा बौद्ध स्तुप अनि भित्र जाँदा अध्याँरो ठाउँ । बीच भागमा बुद्धले पृथ्वीमा पाइला टेकेको चिन्ह अनुसार एउटा ढुंगा (Marker Stone) अनि त्यसको माथिल्लो भागमा



Downloaded from http://www.dhamma.digital

खुइलिएको मायादेवीको मूर्ति । किन हो बुद्ध जन्मेको ठाउँमा मलाई रमाइलो लागेन । मायादेवीको मूर्ति निरको प्राचीन रुख उखेलेर जापान पुऱ्याइएको छ भन्ने कुरा सुनेपछि झन मेरो मनले त्यो ठाउँलाई स्वीकार गरेन, रुखै नभएको बुद्ध जन्म स्थलको त्यो डिजाइन आकर्षक लागेन ।

मेरो कल्पनामा बुद्ध जन्मेको ठाउँ यस्तो हुनुपर्थ्यो - झलमल घाम लाग्ने ठाउँमा एउटा रुख हुन्छ, त्यो रुखको हाँगामा मायादेवीले समाएको हुन्छ, तल भर्खर जन्मेको सिद्धार्थ कुमारले सात पाइला टेकेको हुन्छ, नजिकै रंगीबिरंगी फूल फुलेको बगैंचा हुन्छ, निर्मल पोखरी हुन्छ, पोखरीमा कमलको फूल फुलिरहेको हुन्छ । अनि त्यो ठाउँको नाम हुन्छ - बुद्ध जन्म स्थल ।

मायादेवी मन्दिरको पश्चिममा अशोक स्तम्भ उभिर हेको देखें । सुने अनुसार बुद्ध परिनिर्वाण भएको तीनसय वर्ष पछि भारतको सम्राट अशोक लुम्बिनीमा घुम्न आयो । उसले उक्त स्थानमा ब्राह्मी लिपिले “हिद बुधे जायते शाक्यमुनिति” अर्थात् “बुद्ध यहाँ जन्मेको हो” भन्ने अभिलेख लेखेर त्यो स्तम्भ उभ्याइदियो । जुन स्तम्भ, बुद्ध जन्मेको ठाउँ लुम्बिनी हो भनेर प्रमाण भइदियो । ऐतिहासिक महत्वले भरिपूर्ण भएको त्यत्रो वर्ष पुरानो भएतापनि कतैपनि नफुटेको, नखुइलेको, चम्किलो स्तम्भ मलाई मनपऱ्यो ।

बुद्ध जयन्तीको दिनमा मैले पहिलोपटक अष्टशील पालना गरें । दिउँसो निकै गर्मी भएतपनि हामी कपिलवस्तु तिलौराकोट घुम्न गयौं । बेलुका हामीले गौतमी विहारको भगवान् बुद्ध प्रतिमा समक्ष बसेर अनोजा गुरुमांको धर्मदेशना सुन्यौं । आहा... अनोजा गुरुमांको प्रस्तुती । सुनिरहौं जस्तो लाग्ने प्रवचन सुनेपछि साथी प्रतिमा मानन्धरले मलाई बिरेनुन राखेको तातो पानी एक ग्लास खान दिइन् । खोइ त्यसपछि मलाई भोक लागेन । अनोजा गुरुमांले “दिनमा एक छाक भात खाए पुग्छ” भन्नुभएको कुरा सत्य सावित भएको महसुस गरें मैले ।

लुम्बिनीको गौतमी विहारमा तीन रात सुत्न नसके तापनि, निकै गर्मी भएतापनि, एक दुइ छुच्चो बोली सुन्नुपरेतापनि एक दुई ठाउँमा नरमाइलो दृष्य हेर्नु परेतापनि लुम्बिनीबाट फर्किदा मेरो मन हलुका, मेरो शरीर शीतल अनि वातावरण रमाइलो भएको अनुभव भयो मलाई । वास्तवमा लुम्बिनी गएर मैले क्षान्ति (सहनशील) को अभ्यास गर्न सकें । ■

अनिच्चावत संखारा उप्पादवय धम्मिनो,
उपज्जित्वा निरूज्झन्ति तेसं वूप समोसुखो



*जन्मदिन:*
*बि.सं. १९७३ जेठ १३*

*दिवंगत दिन:*
*बि.सं. २०६५ आश्विन २३*

**लक्ष्मी कुमारी मानन्धर (ल्यासेअजी)**
प्याफ:

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **लक्ष्मी कुमारी मानन्धर (ल्यासेअजी)** ९३ वर्षको उमेरमा २०६५ आश्विन २३ गते दिवंगत हुनु भएकोले उहाँका परिवारहरूले यस दु:खद घडिमा संसारको अनित्य, दु:ख एवं अनात्मा स्वभावलाई स्मरण गरी धैर्य धारण गर्न सकुन् भनि कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

# धर्मकीर्ति विहार

## गतिविधि

### विषय- सम्यक दृष्टि

*२०६५ श्रावण ३२ गते*

*प्रवचक- डा. कविन्द्र बज्राचार्य, प्रस्तुती- सुमित्रा तुलाधर*

यसदिन डा. कविन्द्र बज्राचार्यले "सम्यक दृष्टि" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो-

"सम्यक दृष्टि भनेको नै ठीक समझदारी (Right Under Standing) हो । सम्यक दृष्टि भनेको मन शुद्ध पारी शुद्ध आचरण प्रयोग गरी राग, द्वेष, मोह, आदि क्लेशलाई हटाउँदै कार्य गर्नुलाई भनिन्छ । कुशल चित्त प्रयोग गरी काम र कुरा गर्न सकेमा मात्र हामीले आफ्नो कर्म सुधार्न सक्छौं । राम्रो कर्मको बीऊ रोप्न सक्ने व्यक्ति असल व्यक्तिको रूपमा चिनाउन सक्षम हुनेछ । त्यसैले बुद्ध शिक्षा अध्ययन गरी चिन्तन मनन गर्न सकेमा मात्र हामीले सम्यक दृष्टिलाई प्रयोग गर्न सक्नेछौं । अर्थात् भगवान् बुद्धले पत्ता लगाउनु भएको चार आर्य सत्यलाई यथार्थ रूपमा बुझ्न सक्ने व्यक्तिले सम्यक दृष्टि प्रयोग गर्न सक्षम हुनेछ । तर जसले आफ्नो स्वार्थ पूर्तिका लागि देवता पूजा गर्दै भक्ति मार्गमा लागी वर दानको आशा गर्दछ र लोभ, यज्ञ, होम र बलीपूजा भन्दै हिंसा कार्यमा विश्वास राखी आफ्नो कार्य अगाडि बढाउने गर्छ, उसले धर्मको अर्थलाई अनर्थ पूर्वक अभ्यास गर्दै हिंड्छ, उनीहरू सम्यक् दृष्टि होइन मिथ्या दृष्टि प्रयोग गर्दै आफ्नो बाटो बिराइरहेका हुन्छन् ।

### विषय- अंगुत्तर निकाय

*२०६५ भाद्र ३२ गते, शनिबार*

*प्रस्तुती- अमीर कुमारी शाक्य, प्रवचक- मदन रत्न मानन्धर*

यसदिन श्री मदनरत्न मानन्धरले अंगुत्तर निकायको ११ औं निपात मध्ये एकक निपात विषयमा प्रवचन गर्नुभएको थियो ।

एकक निपातलाई २० वटा वर्गमा विभाजन गरीएको छ । यी २० वटा वर्गहरू मध्ये (१) रूपआदि वर्ग, (२) नीवरण वर्ग, (३) अकर्मनीय वर्ग, (४) अदमन वर्ग, (५) प्रणिहित वर्ग र (६) मच्छरा संघार वर्ग (चुट्की बजाउने) । यी ६ वटा वर्गहरू पहिलो कक्षामा सम्पन्न भइसकेको छ । सातौं वर्ग अर्थात (७) वीर्यारम्भ वर्ग विषयमा उहाँले प्रवचन गर्नुभएको थियो । वीर्यारम्भ वर्गमा १० वटा सूत्रहरू उल्लेख गरिएका छन् ।

वीर्यको अर्थ उद्योग, मेहनत, प्रयत्न र परिश्रम आदि भन्ने बुझिन्छ । तर असल काममा हो वा खराब काम भन्ने विषयमा मात्र फरक देखिन्छ । जतिपनि असल कामका लागि उत्साह, मेहनत एवं उद्योग गरिन्छ, निस्वार्थ भावले गरिन्छ, ती सबै कार्यहरू वीर्यारम्भ वर्गमा पर्दछ । यदि आफ्नो स्वार्थ मात्र पूर्ति गर्नको लागि परिश्रम गरिन्छ भने त्यो कार्य वीर्यारम्भ वर्ग भित्र पर्दैन । त्यसैले प्रमादी नभई अप्रमादी पूर्वक गरिने कुशल कार्य सबै वीर्यारम्भ भित्र परिन्छ भनी स्पष्ट गर्नु भएको थियो ।

### सम्मान कार्यक्रम

गत २०६५ आश्विन ४ गते, शनिबारका दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा धर्मकीर्ति विहारमा भारतीय राजदूतावासका प्रेस एण्ड कल्चरका प्रथम सचिव गोपाल वाग्लेको सम्मानमा एउटा कार्यक्रम



*गोपाल वाग्लेज्यूलाई प्रशंसा चिन्ह प्रदान गर्नुहुँदै चमेली गुरुमां*

गरियो । धर्मकीर्ति बौद्ध पुस्तकालयको लागि भारतीय राजदूतावास अन्तर्गत नेपाल भारत पुस्तकालयबाट अंग्रेजी



Downloaded from http://www.dhamma.digital

भाषाका ५७ वटा र हिन्दी भाषाका ६७ वटा गरी जम्मा १२४ वटा अत्यन्त महत्वका पुस्तकहरू अनुदान स्वरूप प्राप्त भएको हो । जसको लागि श्री गोपाल वाग्लेज्यूबाट पहल भएको थियो । अतः उहाँले पुऱ्याउनु भएको योगदानको कदर स्वरूप उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा पुस्तकालयका संयोजक रीना तुलाधरले धन्यवादका केही शब्द बोल्नु भएको थियो । गोपाल वाग्लेले आफ्नो सम्मानमा कार्यक्रम गरिएकोमा आभारि व्यक्त गर्दै धर्मकीर्ति विहारसँग यस्तै मैत्री सम्बन्ध कायम रहने बताउनु भयो ।

चमेली गुरुमांको हातबाट सम्मान स्वरूप भारतीय राजदूतावास तथा गोपाल वाग्लेको लागि व्यक्तिगत रूपमा प्रशंसा चिन्ह प्रदान गरिएको थियो । तथा गुरुमांले ओंवाद उपदेश दिनुभएको थियो । उक्त कार्यक्रम मीना तुलाधर बाट संचालन गरिएको थियो । उक्त कार्यक्रममा चिया तथा जलपानको लागि भएको व्यय खर्च श्रद्धालु युवा उपासक विवेक कंसाकारबाट प्रायोजित भएको हो ।

## विषय- बुद्ध धर्म र मानव अधिकार

*२०६५ भाद्र २८ गते*

*प्रवचक- डा. कविन्द्र बज्राचार्य, प्रस्तुती- उर्मिला ताम्राकार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीकी शनिवारिय कक्षामा यस दिन डा. कविन्द्र वज्राचार्यज्यूले मानव अधिकार संग सम्बन्धित भगवान् बुद्धको उपदेश बारे चर्चा गर्नु हुँदै निम्न लिखित विषयहरूबारे प्रकाश पार्नु भयो ।

(१) जातिवाद– भगवान् बुद्धले २६०० वर्ष अगाडि नै जातिय समानताको नारा चलाएको देखिन्छ । बुद्ध शासनमा जातपात रूढीबादीको कुनै स्थान छैन । बुद्धले भन्नु भएको छ, जन्मले कोही नीच हुँदैन, जन्मले कोही ब्राह्मण बन्दैन । कर्मले नै नीच र उच्च हुन्छ । मज्झिम निकायको अस्सलयत सूत्रमा पनि ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र एउटै नदीमा नुहाएको खण्डमा के ब्राह्मणको मात्र मैला पखालिन्छ ? भनेर भन्नु भएको थियो । भिक्षु संघमा प्रवेश गरेपछि आफ्नो पहिलेको जातयुक्त नाम हटाएर नयाँ नाम दिने गरिन्छ । उपालि भिक्षु सहित अनिरूद्ध शाक्यहरू प्रव्रजित हुन आउँदा हजाम उपालिलाई पहिले प्रव्रजित गरेबापट पनि बुद्धले जातपातको कुरामा भेद नगरेको देखिन्छ ।

(२) भाषा– भाषिक स्वतन्त्रता पनि मानव अधिकारको विषय हो । भगवान् बुद्धले बहुजन हितको लागि भिक्षुहरू बिभिन्न दिशामा जानु र त्यहाँकै जनभाषामा उपदेश दिनु भनेर भन्नु भयो । स्वयं भगवान् बुद्धले पनि उपदेशहरू दिनु हुँदा तत्कालिन प्रचलित मगधि (पालि) भाषा प्रयोग गर्नु भएको थियो ।

(३) बाँच्न पाउने अधिकार– स्वतन्त्र पूर्वक बाँच्न पाउनु सबैको अधिकार हुन्छ । आफु जस्तै अरूलाई सम्झि कुनै पनि प्राणीलाई चोट पटक नगर्नु हिंसा नगर्नु भनि उपदेश बुद्धद्वारा देशित छ । गृहस्थीहरूको लागि दिइएको पंचशीलमा कुनै पनि तरिकाबाट हिंसा नगर्ने नियम राखिदिएको छ । मानव हिंसा मात्र होइन कुनैपनि पशुपंक्षी कीट पटंग जस्ता सत्व प्राणीको समेत हिंसा गर्न नहुने उपदेश दिनु भएको थियो ।

(४) लैङ्गिक अधिकार– भगवान् बुद्धले महिला, पुरुष दुबैलाई प्रव्रजित गराएर श्रोतापन्न, सकृदागामी, अनागामी, अर्हत जस्ता मार्ग फल प्राप्त गर्ने सुअवसर प्रदान गर्नु भएको थियो । भिक्षुणी खेमा, पटाचारा, धम्मदिन्ना आदि यस्का उदाहरण हुन् ।

(५) धर्म– धर्मको सवालमा पनि बुद्धले धर्म निरपेक्षताको घोषणा गर्नु भएको थियो । अंगुत्तर निकायको कालाम सूत्रमा भगवान् बुद्धले परम्परागत सुनेको, धेरैले भनेको भनि आँखा चिम्लेर स्वीकार नगर्नु अपितु आफ्नो ज्ञानमा तौलेर आफ्नो पनि भलो र बहुजनको पनि भलो हुने भएमा मात्र स्वीकार गर्नु, भनेर भन्नु भएको थियो ।

(६) बाल अधिकार– जब भगवान बुद्धले राहुललाई पनि प्रव्रजित गरिदिनु भयो तब दुःखित राजा शुद्धोदनले आमाबाबुको अनुमति बिना बालकलाई प्रव्रजित नगर्नु भनेर अनुरोध गरेकोलाई बुद्धले स्वीकार गर्नु भयो । श्रामणेर भएर जब २१ वर्षको हुन्छ त्यस्पछि आफ्नै विचार अनुसार उपसम्पदा गरी भिक्षु हुने वा गृहस्थमा फर्कने रोज्न पाउने अधिकार समेत प्रदान गर्नु भयो ।

(७) राज्य संचालन– भगवान बुद्धले अजातशत्रुका मन्त्रीलाई जबसम्म वज्जीहरू सातवटा नियममा रहने छन् तब सम्म नफुट्ने आज्ञा भएको थियो । राज्यको सुव्यवस्थाको लागि दैनिक छलफल गर्ने, ठूला, महिला तथा भिक्षुहरूको, गुरुहरूको आदर हुनुपर्ने, सबैको एकताहुनु पर्ने जस्ता मानव अधिकार सम्मत कुराहरू गर्नु भएको थियो ।

(८) वहुजन हित– बुद्ध तथा वहाँका भिक्षु संघद्वारा ४५ वर्ष सम्म जुन धर्म देशना गर्नुभएको हो, त्यो कुनै एक व्यक्ति, एक समूह, एक जाती, एक देशको लागि मात्र नभई सारा पृथ्वी मण्डलमा भएको प्राणीको हितको

लागि हो। यो उपदेश के हिन्दु, के मुश्लिम, के क्रिश्चियन सबै प्राणीले अनुशरण गर्न सकिन्छ। यस्बाट नै सत्व प्राणीको आदि, मध्य तथा अन्त कल्याण हुनेछ।

(९) व्यक्तिगत स्वतन्त्रता– भगवान् बुद्धले हरेक व्यक्तिलाई स्वतन्त्र, चिन्तन, मनन गर्ने स्वतन्त्रता दिएको छ। आफ्नो नाथ आफै, अरू को हुन सक्छ, आफ्नो दिप आफै बनाउ भन्ने जस्ता उपदेश दिनु भई हरेक मानवलाई पूर्णता प्रदान गर्नु भएको छ।

(१०) भगवान् बुद्धले भिक्षु, भिक्षुणी, उपासक, उपासिका, बुद्ध धर्मको ४ वटा पाँग्रा हो भनी सबैलाई आ-आफ्नो स्थानमा राखी महत्व दिनु भएको छ। भिक्षु, भिक्षुणीको कर्तव्य, धर्म देशना गरी उपासक उपासिकालाई दु:खबाट मुक्त गराउनु हो भने, भिक्षु, भिक्षुणीहरूलाई चतुप्रत्यय उपलब्ध गराउनु उपासक उपासिकाको कर्तव्य हो।

(११) त्यस्तै चतु ब्रह्म विहार अन्तर्गत बुद्धले मैत्री भावनाको कुरा अगाडि राखि सबैलाई आफु जस्तै थानी व्यवहार गर्न सके कसैको अधिकार हनन नहुने कुरा बताउनु भएको छ।

(१२) अन्तमा स्मृतिलाई अगाडि राखी साक्षी भावले हेर्न सकेमा सबैको हीत हुने कुरा बताउनु भएको छ।

यसरी बुद्ध धर्म मानव अधिकार सम्मत छ, यो पालना गर्न योग्य उच्चतम धर्म हो।

### विषय– अंगुत्तर निकाय, (कल्याणमित्र वर्ग)

*२०६५ आश्विन १८ गते, शनिबार*

*प्रवचक- मदन रत्न मानन्धर, प्रस्तुती- अमीर कुमारी शाक्य*

शाब्दिक अर्थ अनुसार कल्याण गर्ने साथीलाई कल्याण मित्र भनिन्छ। यहाँ कल्याणको अर्थ असल कार्यमा सहयोग गर्ने साथी भन्ने बुझिन्छ। खराब कार्यमा (जुवा खेल्ने, रक्सी खाने, बदमासी कार्य गर्ने) सहयोगी बन्ने साथीलाई कल्याण मित्र भनिदैन। खराब कार्यहरूमा लागी कुकर्म गर्ने संगतमा परेको साथीलाई धर्मानुकूल बाटो देखाउने साथीलाई मात्र कल्याण मित्र भनिन्छ।

मानिस सामाजिक प्राणी भएकोले उसको परिवार र नाताकुटुम्ब समाज हुन्छ। यस समाजमा खराब र असल दुबै थरी मानिसहरू हुन्छन्। हामीले असल व्यक्तिको संगत गरेमा मात्र हामीमा असल र उचित विचार उत्पन्न हुनेछ। त्यसैले हामीले धर्मानुकूल व्यवहार गर्ने कल्याण मित्रहरूको संगत गर्नु पर्दछ।

समाजमा रही परिवार नाताकुटुम्ब साथीहरू वृद्धि हुने कार्य पनि कल्याण कार्यनै हो। तर यो भन्दा पनि प्रज्ञा वृद्धि हुने कार्य झन कल्याण कार्य हुन जान्छ। यहाँ प्रज्ञाको अर्थ विवेक बृद्धि हो। विवेक वृद्धि भएमा नाता कुटुम्ब र साथीहरू त्यसै पनि वृद्धि हुनेछ।

मानिस एक मरणशील प्राणी भएकोले परिवार नाताकुटुम्ब, साथीभाई घट्दै जानु त स्वभाविक नै हुन्छ। त्यसैले नाताकुटुम्ब परिहरण (नास हुँदै जाने) हुने कुनै ठूलो र आश्चर्यजनक नोक्सान होइन। तर प्रज्ञा परिहरण ठूलो हानी नोक्सानी हो। प्रज्ञा भएन भने मानिसले खराब, कुकर्महरू मध्ये के मात्र गर्दैन। भनेर साध्य हुँदैन। यसको परिणाम जीवनमा नराम्ररी पतन हुनेछ।

त्यसैले हामीलाई धर्मको मार्ग देखाउने कल्याण मित्र चाहिन्छ। त्यस साथीले धर्मको बाटो देखाई धर्मचित्त उत्पन्न गराउन सदा सहयोग गरिरहन्छ। उसलाई नै यहाँ कल्याणमित्र भनिएको हो।

### विषय– मंगल सूत्र नं. ३२ (ब्रह्मचरियञ्च)

*२०६५ कार्तिक २ गते, शनिवार*

*प्रस्तुति- सुभद्रा स्थापित*

यसदिन श्रद्धेय सुजाता गुरुमांबाट "मङ्गल सूत्रको नं. ३२ को ब्रह्मचरियञ्च" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–


"राम्रो मनले दान दिने अभ्यास गर्ने गुरुजनप्रति आदर गौरव राख्ने, एकनारी एक पुरुष प्रति सन्तोष भई ब्रह्मचर्य जीवन बिताई आर्य अष्टाङ्गिक मार्ग अनुसार जीवन बिताउनु नै हाम्रो प्रमुख कर्तव्य हुन्। महाधम्मपाल जातक कथामा उल्लेख भएनुसार जसले ब्रह्मचर्य धर्मलाई राम्ररी पालन गर्छ, त्यसको सुगति, लामो आयु र बेहोश पूर्वक मर्न नपर्ने फल प्राप्त हुन्छ।"

★ "अर्काको दोष र अर्काले के गऱ्यो के गरेन् भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गऱ्यो के गरेन भनी हेर्नु नै बेस छ।" – धम्मपद



Downloaded from http://www.dhamma.digital

# दिवंगत रत्नमञ्जरी गुरुमांको पूण्य तिथीमा एक दिने महापरित्राण पाठ सम्पन्न



*श्रोतावर्गहरू* *धर्मदेशना गर्नुहुँदै सुजाता गुरुमां*

*२०६५ आश्विन २६ गते, आइतबार ।*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः, नःघः काठमाडौं ।*

दिवगंत हुनुभएकी पूज्य रत्नमञ्जरी गुरुमांको दोश्रो वार्षिक तिथीको पूण्य स्मृतिमा गुरुमांहरूको समूहबाट एकदिने महापरित्राण पाठ सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा सुजाता गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

दिवंगत रत्नमञ्जरी गुरुमांको पूण्य स्मृतिकोषबाट भोजन एवं जलपान व्यवस्था गरिएको उक्त कार्यक्रममा धर्मकीर्ति पुलांपुचःको तर्फबाट पनि भोजनमा आर्थिक सहयोग गर्नुभई पूण्य सञ्चय गरिएको थियो। कार्यक्रममा सहभागी रहनुभएका धर्मकीर्ति विहार अन्तर्गत शाखा विहारहरूका सम्पूर्ण गुरुमांहरूलाई रत्नमञ्जरी गुरुमां पूण्यस्मृति कोषबाट यथाश्रद्धा दानप्रदान गरिएको उक्त कार्यक्रममा अन्य उपासकोपासिका हरूले पनि दान प्रदान गरिएको थियो। कार्यक्रमको अन्त्यमा रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

## मोहनी नखः

**■ कृष्ण देवी वज्राचार्य**

मोहनी नखः वल, लय्लय्ताया जुल
निर्दोषी प्राणीपिन्त, स्याना नया जुल ॥धु॥
घःयात धाधां प्राणी भोग बिल ।
मनू बुद्धि खं खं घःया नुगः हिइल ॥
गुलि नं दु प्राणी फुक्कं घःया मस्त ।
पूजा जुल अःखः, स्वय् वं मफुत ॥
प्राणीपिं मध्य श्रेष्ठ मनूत ।
अनाथ प्राणीपिन्त बियाजुल कष्ट ॥
थःत गथे स्याः अथे हे इमित ।
हाय ! गथे नुगलय् करूणा मन्त ॥
शत्रु ला मखु व भीत दुःख ब्यूपिं ।
भीसं माया यासा भीत थःखनीपिं ॥
धिक्कार धाय स्व, मनूया जनम ।
थुइके मफुगु प्राणीया मर्म ॥
काइस्व पलेसा, भीसं याना वइगु ।
पुले माले वं, गथे सह यायेगु ॥
धर्म मखुस्व प्राणी-हिंसा यायेगु ।
बुद्धया शिक्षाय्, सम खना जुइगु ॥

## पुन्हि हना पुजा याना

**■ अमृत मान शाक्य भिक्षु**

बछला तछला दिल्ला
स्वायाँ पुन्हि ज्यापुन्हि गुरुपुन्हि
विहार, गुम्बा चैत्यसं
पुजा याना भीसं ।
गुलाँ यँल कउला
गुँपुन्हि यँयापुन्हि, सिपुन्हि
नखः चखः हना
पुजा पाठ याना ।
कछला थिला पोहेला
सकिमिला पुन्हि, योमरि पुन्हि, मिला पुन्हि
नख चख हना
बुद्ध बोधिसत्व या पुजा याना ।
सिल्ला, चिल्ला, चउला
सिपुन्हि, होलिपुन्हि, ल्हुतिपुन्हि
बुद्ध वोधिसत्वया पुजा याना
पर्व मेला हना भीसं ।

### यल पञ्चदान कार्यक्रम सम्पन्न

*२०६५ श्रावण २५ गते, स्थान- पद्म चैत्य विहार।*

बुटवल नगर स्थित पद्म चैत्य विहारमा यल पञ्चदान कार्यक्रम सम्पन्न भएको समाचार छ।

उदयशीला गुरुमां, शान्तिवती गुरुमां, पद्म चैत्य विहार सं.स.का पदाधिकारीहरू, बौद्ध महिला संघ, बौद्ध युवा ज्ञानमाला संघका पदाधिकारीहरू लगायत अन्य उपासकोपासिका हरूको उपस्थितीमा विमल बहादुर शाक्यले कार्यक्रमको महत्व र इतिहास बारे प्रकाश पार्नु भएको थियो। पञ्चशील प्रार्थना, बुद्धपूजा एवं धर्मदेशना पश्चात् दानप्रदान र पूण्यानुमोदन गरी पञ्चदान कार्यक्रम शुरुवाट गरिएको थियो।

संघरत्न वज्राचार्यले पञ्चबुद्ध पूजा गर्नुभएपछि २५० जना शाक्य वज्राचार्य, गुभाजु, बुद्धाचार्य आदिलार्य उपासकोपासिकाहरूले दान दिनुभएको थियो। उक्त पञ्चदान कार्यक्रममा १८० जना दाताहरूले चामल, धान, गहुँ, रुपैयाँ, फलफुल र अन्य सामाग्रीहरू दान दिनुभएका थिए।

### २०६५ सालको कठिन उत्सव सम्पन्न

आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म गरी जम्मा ३ महिना सम्मको वर्षावास समयावधि पूर्ण भएको उपलक्ष्यमा विहारहरूमा मनाइने कठिन उत्सव सम्पन्न भएको समाचार प्राप्त भएका छन्। धर्मकीर्ति पत्रिकालाई प्राप्त भएको समाचार अनुसार विभिन्न विहारहरूमा विभिन्न मितिमा यसरी कठिन उत्सव सम्पन्न भएका छन्।

| *२०६५ कार्तिक* | *कठिन उत्सव सम्पन्न भएको विहार र ठेगाना* |
|---|---|
| १ गते | श्रीघः विहार, नःघल काठमाडौं |
| २ गते | शाक्यसिंह विहार, पाटन |
| ३ गते | बौद्ध जनविहार, सुनागुठी, पाटन |
| ४ गते | सुमंगल विहार, पाटन |
| ५ गते | शुभमंगल विहार, बलम्बु |
| ७ गते | वेलुवनाराम विहार, थेचो, पाटन |
| ८ गते | चतुर्बह्म विहार, मातातिर्थ |
| ९ गते | विश्वशान्ति विहार, मीनभवन / |
| | श्री कीर्ति विहार, कीर्तिपूर |
| | मनिमण्डप विहार, पाटन |
| १० गते | अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमुल |
| १५ गते | संधाराम विहार, ढल्को |
| १६ गते | ध्यानकुटी विहार, बनेपा |
| | बुद्ध विहार, भृकुटीमण्डप |
| १७ गते | बौद्ध समकृत विहार, भक्तपुर |
| | जितवन विहार, थानकोट |
| १८ गते | बोधिचर्या विहार, बनेपा |
| १९ गते | धर्मचक्र विहार, बागबजार |
| २० गते | बुद्धभूमी महाविहार, टोखा |
| २१ गते | गणमहाविहार, काठमाडौं |
| २२ गते | आनन्दकुटी विहार, स्वयम्भू |
| २४ गते | सिद्धि मंगल बुद्ध विहार, थसी |
| १५ गते | यम्पि विहार, पाटन |

### गुँला पर्व महिना भरि धर्मोपदेश कार्य सञ्चालन गरेको

बुद्ध सं. २५५२ को वर्षावास अवधिमा मध्यपुर थिमि नगर-६, महाखेल, नगदेश स्थितको "नगदेश बुद्ध विहारमा तीन महिना अधिष्ठान गरी बस्न आउनु भएका श्रद्धेय केशावति गुरुमां र खेमावति गुरुमां द्वयको अगुवाईमा ने.सं. ११२८ गुँलाथ्व-१ देखि गुँलागा-३०, गुँला-औंशीसम्म दैनिक निरन्तर वेलुका ९:०० बजेतिर एक महिना धर्मोपदेश कार्य सञ्चालन गरी सम्पन्न भएको थियो, सो पवित्र पावन कार्य धर्मकीर्ति विहारका विहाराधिपति धम्मचारिय श्रद्धेय भिक्षुणी धम्मवति गुरुमां लगायत निम्न लिखित श्रद्धेय भिक्षु भिक्षुणी गुरुमांहरूले सहभागी भै विविध विषयमा एक वा एक भन्दा बढी पल्ट सहभागी भै धर्मोपदेश कार्य सम्पन्न गरी दिनु भएकोमा वहाँहरूप्रति आयोजक विहारले कृतज्ञताका साथ साधुवाद प्रकट गरीएको छ। अत: वहाँहरूको नाम यस प्रकार छन्:–

१. श्रद्धेय भिक्षु पियदस्सी
२. श्रद्धेय भिक्षुणी धम्मवति गुरुमां
३. श्रद्धेय भिक्षुणी चमेली गुरुमां
४. श्रद्धेय भिक्षुणी अनुपमा गुरुमां
५. श्रद्धेय भिक्षुणी पञ्ञावति गुरुमां
६. श्रद्धेय भिक्षुणी जवनवति गुरुमां
७. श्रद्धेय भिक्षुणी केशावति गुरुमां
८. श्रद्धेय भिक्षुणी खेमावति गुरुमां
९. श्रद्धेय भिक्षुणी दानवति गुरुमां
१०. श्रद्धेय भिक्षुणी त्यागवति गुरुमां
११. श्रद्धेय भिक्षुणी इन्द्रावति गुरुमां



Downloaded from http://www.dhamma.digital

१२. श्रद्धेय भिक्षुणी सुमेधावति गुरुमां
१३. श्रद्धेय भिक्षुणी जयवति गुरुमां
१४. श्रद्धेय भिक्षुणी वण्णवति गुरुमां
१५. श्रद्धेय भिक्षुणी क्षान्तिवति गुरुमां

## २२७० औं शस्त्रपरित्याग दिवस मनाएको

*२०६५ आश्विन २४ गते ।*

उपरोक्त सम्बन्धमा नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्हपुचः नगदेशको संयुक्त आयोजनामा "महान धर्म सम्राट अशोकद्वारा शस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको सूत्रपात गरी त्यसको सूत्रधार बन्नु भएको गुणानुस्मरणमा पवित्र-पावन एवं महान दिवस-विजया दशमीको दिनमा २२७० औं शस्त्र परित्याग दिवस सम्बन्धी एक लघु प्रवचन गोष्ठी कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रमको शुभारम्भमा श्रद्धेय गुरुमां केशावतिबाट शील प्रार्थना गराउनु भएको थियो भने सभाको सभापतित्व समूहका अध्यक्ष न्हुच्छे कुमार सिंकेमनले गर्नु भएको थियो । स्वागत मन्तव्य ल्याय्म्ह पुचःका अध्यक्ष शिवभक्त मेजुले गर्नु भएको उक्त सभामा बक्ताको रूपमा शिक्षक धन बहादुर तकोले शस्त्र परित्याग दिवसको महत्व बारे चर्चा गर्नु भयो र प्रमुख अतिथि गुरुमां केशावतिले महान धर्म सम्राट अशोकको योगदान र वहाँको गुणानुस्मरण गर्नु पर्ने विषयमा धर्मोपदेश गर्नु भएको थियो भने पुचःका सचिव राज कृष्ण बाडेले धन्यवाद दिनु भएको थियो । सो सभामा श्रद्धेय गुरुमां खेमावति पनि उपस्थित हुनु भएको थियो र अन्तमा सामूहिक पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो । सोदिनको दिउँसो ल.पु.स्थित धापाखेलमा आयोजित "२२७० औं शस्त्र परित्याग दिवस" कार्यक्रममा पनि नगदेश बौद्ध समूहका सदस्यहरू सरिक भै सहभागिता जनाईएको थियो ।

## ऋषिणी प्रव्रज्या कार्य सम्पन्न

उपरोक्त सम्बन्धमा यस नगदेश बुद्ध विहार एवं नगदेश बौद्ध समूह संस्थापन भएको २० वर्षको उपलक्ष्यमा बुद्ध सम्वत् २५५२ को वर्षावासकालमा प्रथमपल्ट- ५ जना ने.सं. ११२८ गुँलाथ्व-८ देखि गुँलागा-८, कृष्णाष्टमी तक १५ दिनसम्म "अल्पकालीन दुर्लभ ऋषिणी प्रव्रज्या" सम्पन्न भएको थियो भने गत ने.सं. ११२८ कौलाथ्व-११ देखि कौलाथ्व-१५, कोजाग्रत पूर्णिमा (कतिंपुन्ही) तक ५ दिनसम्म १५ जना उपासिकाहरूले "अल्पकालीन दुर्लभ ऋषिणी प्रव्रज्या" सम्पन्न गरिएको समाचार छ ।

नगदेश बुद्ध विहारमा त्रैमाशिक वर्षावासकाल भरी अधिष्ठान गरी बस्न आउनु भएको श्रद्धेय गुरुमां केशावति र खेमावति गुरुमांको अगुवाईमा सो दुर्लभ प्रव्रज्या कार्य सम्पन्न भएकोले वहाँहरूको आयु आरोग्य र सुस्वास्थ्यको कामना गरी गुणानुस्मरण समेत नगदेश बौद्ध समूहले गरेको छ र वहाँहरूप्रति कृतज्ञता समेत जाहेर गर्दछ । अतः अल्पकालीन दुर्लभ ऋषिणी प्रव्रज्यामा सरिक भै पूण्यार्जन गर्ने उपासिकाहरूको नामावली यस प्रकार रहेको छ–

सुश्री तुल्सीलक्ष्मी बजु, सुश्री रत्नकेशरी धुँमन, सुश्री गीता दुगु, सुश्री रचना बैद्य, सुश्री तुल्सीदेवि बाडे, सुश्री राधिका नायःजु, सुश्री अनिता तको, सुश्री सुनिता बाडे, सुश्री शान्ति मेजु, सुश्री सबिना मकै, सुश्री निरु धुँमन, सुश्री रिता बजु, सुश्री आस्था तको, सुश्री करिना बाडे, सुश्री रबिना ज्यापू, श्रीमती पञ्चमाया शाक्य, सुश्री गुणकेशरी बाडे, सुश्री कमला नायःजु, सुश्री मोनिका तको, सुश्री सबिना बाडे । वर्षावास सम्पन्न हुने पूर्णिमाको दिनमा भव्य बुद्ध पूजा गरी ऋषिणी प्रव्रज्या कार्य सम्पन्न गरीयो । सो दिनमा उपोषथ व्रत बसी अष्टशील ग्रहण गर्नेहरूको संख्या (२०) बीस जना हुनु हुन्थ्यो । अन्तमा सामूहिक पूण्यानुमोदन गरी कार्य सम्पन्न गरीयो । सो सभामा वरिष्ठ उपासिका चन्द्रदेवि तकोलाई पवित्र खादा श्रद्धेय गुरुमां केशावतिज्यूबाट पहिऱ्याई "मायाको चिनो" को रूपमा विहारमै प्रतिस्थापित भगवान् बुद्धको तस्विर उपहार प्रदान गरी सम्मान गर्नु भयो ।

## बौद्ध समाजसेवी भाजु हेराकाजी सुजिकाया ७७ दं बुदिं क्वचाल

*२०६५ कार्तिक २१ बिहीबार*
*स्थान- नागबहाः यल ।*

बौद्ध समाजसेवी भाजु हेराकाजी सुजिकाःया ७७ दं बुदिंया उपलक्ष्य ज्ञानमाला भजन, शील प्रार्थना व बुद्ध पूजा, परित्राण पाठ प्रवचन, आदि थीथी ज्याझ्वः न्ह्याकाः क्वचायकूगु समाचार दु । हेराकाज सुजिकाः ७७ दं बुदिंया समारोह समितिं ग्वसाः ग्वःगु उगु ज्याझ्वले ५० दं तक निरन्तर रूपं ज्ञानमाला भजन सेवा याःपिन्त कदरस्वरूप हनापौ नं देछाःगु बुखँ दु ।

## मनमय्जुमा बुद्धपूजा र धर्मदेशना

२०६५ भाद्र, मनमय्जु ।

बौद्ध यूवा समूह र बौद्ध महिला समूह मनमय्जुबाट आयोजित बुद्धपूजा र धर्मदेशना कार्यक्रममा उक्त समूहहरूको निमन्त्रणामा सहभागि हुनुभएका धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । यसरी नै उक्त समारोहमा आमन्त्रित गुरुमांहरू मध्ये कुसुम गुरुमांबाट शील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम

संचालन गर्नुभएको थियो भने उहाँबाट नै धर्मदेशना पनि भएको थियो। कार्यक्रममा आयोजक परिवारबाट आमन्त्रित गुरुमांहरूलाई खाडा ओढाई फूलको गुच्छा चढाई स्वागत गरिएको थियो।

उक्त कार्यक्रममा ध.ज्ञा.भ.को स्मृति चिन्ह र ज्ञानमाला पुस्तक कुसुम गुरुमां र ध.की.ज्ञा.भ. का सचिव प्रेमलक्ष्मी तुलाधरबाट स्थानीय केशरी लक्ष्मी महर्जन र बुद्धलक्ष्मी महर्जनलाई प्रदान गरी खाडा ओढाइएको थियो। साथै प्रेमलक्ष्मी तुलाधरबाट धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन स्थापना भएको उद्देश्य विषयमा प्रकाश पार्नु भएको थियो। कोषाध्यक्ष श्याममान वज्राचार्यबाट धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रममा आयोजकहरूको तर्फबाट यातायात व्यवस्था र जलपान भोजनको समेत व्यवस्था गरी पूण्य संचय गरिएको थियो।

### मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६५ आश्विन २१ गते*

*स्थान- मैत्री बोधिसत्व महाविहार, जमल।*

यस महाअष्टमीको दिन चमेली गुरुमांबाट शील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम संचालन गरिएको थियो भने वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो। धर्मदेशनाको क्रममा उहाँले वलिको साँचो अर्थ आफ्नो मन भित्र लुकेर रहेका राग, द्वेष, मोह, अभिमान र ईर्ष्या जस्ता कुभावनाहरूको त्याग हो, तर यसको गलत अर्थ लगाई आज भोली निर्दोष प्राणीहरूको हत्या गरी यही हिंसा कार्यलाई बलिको नाम दिई अज्ञानीहरूले आफ्नो स्वार्थ पूर्ति गरि रहेको विषयमा चर्चा गर्नु भएको थियो।

यसदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरेको थियो भने विजय रत्न स्थापित र प्रभावति स्थापित प्रमुख सपरिवारको तर्फबाट उहाँहरूका परिवार का दिवंगत सदस्यहरूको पूण्य स्मृतिमा जलपानको व्यवस्था मिलाउनु भई पंचरक्षा पुस्तक धर्मदानको रूपमा वितरण गरी पूण्य संचय गर्नु भएको थियो।

### राष्ट्रिय धम्मदूत सम्मेलन संचालन हुने

बुद्ध शिक्षालाई सैद्धान्तिक एवं व्यवहारिक अभ्यास समेत गराउन प्रयासरत संस्थाहरूलाई एकै थलोमा भेला गर ई हालसम्म सम्पन्न भएका धर्मप्रचार गतिविधिहरूको विषयमा लेखा जोखा, जानकारी आदान प्रदान गरी भविष्यमा अझ बढि प्रभावकारी धर्मप्रचार गर्ने विषयमा केन्द्रित रहेर युवा बौद्ध समूहको संयोजकत्वमा मिति २०६५ कार्तिक ३० गते र मंसीर १ गते नगर मण्डप श्रीकीर्ति विहारमा २ दिवसीय राष्ट्रिय धम्मदूत सम्मेलन हुन गइरहेको समाचार छ।

### अमेरिकाया थीथी थासय् धर्मप्रचार

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

अमेरिकाय् च्वनादीपिं सर्वराज शाक्य व दयारत्न शाक्यया निमन्त्रणाय् अमेरिकाया थीथी थासय् धर्मप्रचारार्थ भिक्षुणी धम्मवती, भिक्षु कोण्डञ्ञ व जुजुभाई शाक्य भाद्र २१ गते अन बिज्या:गु ख:।

प्राप्त समाचार अनुसार वसपोलपिंसं अमेरिकाया लस एञ्जलस्, पोर्ट लायण्ड, सन फ्रान्सिस्को, टेक्सास्, डलास आदि थासय् प्रवचन व ज्ञानमाला भजन पाखें धर्मप्रचार यानाबिज्या:गु ख:। थुकथं अमेरिकाया थीथी थासय् कार्यक्रमया आयोजना यासे अमेरिका निवासी नेपालीपिं दयारत्न शाक्य, सर्वराज शाक्य, सुद्धोदन शाक्य, लक्ष्मण शाक्य, रमा वज्राचार्य, स्वयम्भू वज्राचार्य व सुनकेशरी वज्राचार्य आदि दातापिसं वसपोलपिन्त उगु कार्यक्रमय् धर्मप्रचारार्थ निमन्त्रणा यानादीगु खँ सीदु।

### बुद्धघोष महास्थविरया ८८ दँ बुदिं हन

*२०६५ आश्विन २४ गते, शुक्रबार*

संघनायक, अग्गमहा सद्धम्म जोतिक धज पूज्य भिक्षु बुद्धघोष महास्थविरया ८८ दँ क्यंगु बुदिंया उपलक्षे बुद्ध पूजा, धर्मदेशना व भोजन दान आदि थीथी ज्याझ्व: क्वचायकूगु समाचार दु। सुमंगल बौद्ध संघया ग्वसाले न्ह्या:गु उगु ज्याझ्वले संघनायक पूज्य बुद्धघोष महास्थविरया योगदान न्ह्यपब्व:गु ख:सा वसपोलया संक्षिप्त जीवनी नं प्रस्तुत या:गु ख:। अथेहे श्री सुमंगल विहारया समुन्नतिया लागि गुहाली याना बिज्या:पिं जेष्ठ उपासक पिन्त हनापौ ल:ल्हाय्गु ज्या जुलसा सुमंगल बौद्ध संघ व श्री सुमंगल स्वास्थ्य उपचार कोषया आजीवन व मासिक सदस्यपिन्त दसिपौं ल:ल्हाय्गु ज्या नं सम्पन्न जुल।

### टेलिभिजन सेट छगः दान यानादिल

*२०६५ कार्तिक ६ गते, बुधवार*

*प्रस्तुती- पञ्ञावती गुरुमां*

स्व. हिरा व चिनी चित्रकार पुं गुठी चिकं अट: वटुपिनिगु निर्वाण कामना यासे वय्क:पिनि काय्पिं माणिक बहादुर चित्रकार व पुष्प चित्रकार प्रमुख सपरिवारपिनि पाखें धर्मकीर्ति विहारया Audio Visual Committee यात धर्मप्रचारया ज्याया लागि गुहालिकथं टि.भि. सेट छग: दान यानादीगु समाचार दु।

श्रद्धालु दाता चित्रकार परिवारपिन्त धर्मकीर्ति विहार Audio Visual Committee पाखें साधुवाद देछा:बु दु।



Downloaded from http://www.dhamma.digital

# श्रद्धाया स्वाँ देछाना

अनिच्चावत संखारा उप्पादवय धम्मिनो,
उपज्जित्वा निरूज्झन्ति तेसं वूप समोसुखो



**जन्मः**
नेसं. १०४२ सिल्लाथ्व
त्रयोदशी

**दिवंगतः**
नेसं. ११२८ कौलागा
पारु

## मदुम्ह केशरमान कंसाकार

दिवंगत जुया दीम्ह जिमि श्रद्धेय अबुजु केशमान कंसाकारया अनन्त गुणानुस्मरण याना दुनुगलं निसें श्रद्धाया स्वाँ देछासें वसपोल अबुजुयात याकनं निर्वाण पद लाय्मा धैगु आशिका यानागु जुल ।

**म्ह्याय्: कमलकेशरी तुलाधर**
**जिलाजं: कुलधर्मरत्न तुलाधर**
**छ्य्: लूजःरत्न तुलाधर**
महाबौद्ध, तासीथू, यें

*धर्मकीर्ति विहारय् २०६५ श्रावण १८ गतेनिसें भाद्र १५ गते (गुंला पारु निसें अंला दुतिया) तक बुद्ध पूजा व धर्म देशना धुंका धर्मकीर्ति मिजं पुचःया ग्वसालय् जूगु जलपान ज्याभ्वःयात हापं बिया ग्वहालि याना दीपिनिगु नां धलः व उकिया ल्याःचा क्वय् न्ह्यब्वया कथं दु। दातापिनिगु नां धलः व हापं रु. थ्वे दुः–*

| | |
|---|---|
| तःधिकःम्ह कुल ब. महर्जन | १००० |
| मिजं पुचः | |
| हरीमान रञ्जित | ३००० |
| बेखामाया महर्जन, ठमेल | ४५०० |
| पूर्णहेरा पुचः | ४५०० |
| मिजं पुचः | |
| लक्ष्मीदेवी पुचः | ३५०० |
| नानी मय्जु महर्जन | ४५०० |
| चम्पा पुचः | ४५०० |
| पुण्यरत्न शाक्य, वाङ्गेमुढा | ४५०० |
| मिजं पुचः | |
| कृष्णदेवी पुचः | ३५०० |
| कृष्ण मानन्धर, वटु | ४५०० |
| ल्यासे अजि पुचः | १२०० |
| मचाम्ह महर्जन | ४५०० |
| धन बहादुर नकःमि, ढल्कृ | २५०० |
| न्हुछे बहादुर महर्जन | ३५०० |
| इन्द्रमाया नकर्मी, ढल्को | ४५०० |
| मुकुन्द व सानुमैयाँ नकर्मी | ४५०० |
| अम्बर बहादुर व | |
| राम बहादुर नकर्मी | ४८०० |
| नेटलेट स्थापित | ४५०० |
| मोहनदेवी पुचः | ४५०० |
| देव प्रकाश, प्रकाश व राजेन्द्र | ४५०० |
| चुनशोभा बज्राचार्य | ४५०० |
| गणेशमाया | ४५०० |
| न्हुछेमान महर्जन | ३५०० |
| लक्ष्मी कुमारी पुचः | ३५०० |
| योगरत्न, मथुरादेवी व | |
| माणिकरत्न, दानकेशरी | ४५०० |
| नानीछोरी प्रजापति | ४५०० |
| मिरा श्रेष्ठ | ४००० |
| रत्नदेवी शाक्य | ४५०० |
| ज्ञानशोभा व | ४५०० |
| कृष्णदेवी मानन्धर | ४५०० |
| पूर्णदेवी पुचः | ४५०० |
| कमलमैयां पुचः व चन्द्रशोभा | २२०० |
| दिलमाया ताम्राकार | ५० |
| चन्द्रमाया मानन्धर, वटु | १०५ |
| रमिला महर्जन, ताहाचल | १०० |
| लोचनदेवी स्थापित, वटु | १०० |
| मोहनमाया महर्जन | ५० |
| मिमदेवी शाक्य, भुरुङ्खेल | १०० |
| थिके | १०० |
| ज्ञानशोभा बज्राचार्य | ५०० |
| ईश्वरी मानन्धर | १०० |
| कमला तुलाधर | १०० |
| नेमकाजी शाक्य | १०० |
| दानछोरी शाक्य | १०० |
| समता शाक्य | १०० |
| नानी मय्जु | १०० |
| सुभद्रशोभा शाक्य | २०० |

| | |
|---|---|
| मोहीनी श्रेष्ठ | ५०० |
| भगवती मानन्धर | २५० |
| भुवनेश्वरी | २०० |
| दिलमाया ताम्राकार | ५०० |
| मिश्री महर्जन | ५०० |
| लक्ष्मी प्रधानाङ्ग | २०० |
| अम्बर बहादुर | १०० |
| स्रेकाजी | ५०० |
| तुलसीशोभा | २०० |
| दिवंगत अष्टमान | १०० |
| मय्जु | २०० |
| चन्द्रकेशरी | २०० |
| कृष्णलक्ष्मी | २०० |
| रामेश्वरी | १०० |
| देवमाया | ५०० |
| कृष्णेश्वरी | २०० |
| चिक | १०० |
| पूर्णमाया | ५० |
| पूर्णशोभा शाक्य | २०० |
| हेरामाया | १०० |
| मायादेवी | १०० |
| सुगत तुलाधर | ३०० |
| आशाकाजी महर्जन | २०० |
| चन्द्रमान डङ्गोल | २०० |
| रामकृष्ण | २०० |
| अमर बहादुर नकःमि | २०० |
| हर्ष बहादुर महर्जन | २०० |
| प्रेमकृष्ण महर्जन | २०० |
| जित नारायण महर्जन | २०० |
| धन बहादुर नकःमि | २०० |
| अष्ट नारायण | २०० |
| इन्द्रमाया नकःमि | २०० |
| पूर्णमाया स्थापित | २०० |
| मोतिकृष्ण तुलाधर | ४०० |
| बुद्धरत्न | २०० |
| तिर्थमाया | २०० |
| रामेश्वर मानन्धर | २०० |
| नाती महर्जन | २०० |
| तुल्सीकृष्ण मानन्धर | २०० |
| मचाम्ह महर्जन | ५०० |
| तिर्थ (हिति ज्या याइम्ह) | १०० |
| इन्द्रलाल नकःमि | २०० |
| जेठा परिवार | २०० |
| चिधिकःम्ह रत्नशोभा | २०० |
| चिधिकःम्ह कुल बहादुर | ५०० |
| जित नारायण महर्जन या नां | |
| २०६४ सालय् त्वफ्यूगु दुतिनागु | २३०० |
| नाती महर्जनया नां २०६४ सालय् | |
| त्वफ्यूगु दुतिनागु | २३०० |
| **मुक्कं आम्दानी** | **१४३३०५** |

**खर्च**

| | | |
|---|---|---|
| मैदा | ५०५ के.जी | १३३६४ |
| मचिकं | ५ लिटर | ३२५ |
| मुस्याचिकं | १५० लिटर | १०५५० |
| घ्यः | २ १५० ग्राम | ७८० |
| चिनी | २०० केजी | ८१२५ |
| चिया | ७ केजी | १३४५ |
| ग्याँस | १० ग | १२६०५ |
| आलु | ५१ धार्नी | १५५५ |
| चि | २ पाकेट | २४ |
| चना | ९९ ५ केजी | ६७६० |
| प्याज | १५ केजी | ४२८ |
| सुकुमेल व यला | | १०० |
| लाबा | ४ ३०० ग्रा | २३२ |
| वाटर पम्प जलेजुयाः रिवाण्डिङ्ग ज्याला | | १४०० |
| दुनोट | ९२५ पा | ४६२५ |
| स्कूस | ९ ५ केजी | १३२ |
| दुरु | ६१८ पाकेट | १०८६५ |
| खिपः | १ मुठ्ठा | १०० |
| सर्फ | ८ पाकेट | १९९ |
| ढुंवानी ज्याला | | २२० |
| पालु | ४ ५ केजी | ३५७ |
| च्वाफि | १ गु | २० |
| मल्टा | १ केजी | १०० |
| बेकिङ्ग पाउडर | ९ बट्टा | ५३६ |
| जाली | २ गू | २५ |
| तार, होल्डर, टुपिन व स्विच | | ९३ |
| आमली व वाउँगु मल्टा | | २० |
| अनिता व | | |
| सुनितायात जाकी | ३० केजी | ८५० |
| तुसी | ४ ५ केजी | ११३ |
| बन्दा | १ केजी | १५ |
| वजि | ९ केजी | ५४० |
| हलू | १ केजी | ९० |
| लैं | १ केजी | २५ |
| जी | १८ केजी | ५२० |
| पाउरोटी | ३७ ग | १००६ |
| ग्याँस पाइप क्लायम्प | ५ गू | ५० |
| नर बहादुरयात ३८ न्हुया ज्याला | | २५५० |
| मम स्वः | १ सेट | १०५८ |
| तः पागु फोटोकपी | ४० पाः | २०० |
| **मुक्कं खर्च** | | **८९९०१** |
| **मुक्कं आम्दानी** | | **१४३३०५** |
| **मुक्कं ल्यंगु धेवा** | | **५३४०४** |

- **बैंकया २०६५/६/२९ गते उगु मुक्कं ल्यंगु धेबा रु. ५३४०४/- तका धर्मकीर्ति मिजं पुचः जलपान कोषय् जम्मा जूगु खँ ससतां कना च्वना**
- ***प्रस्तुतिः धन बहादुर नकःमी, धर्मकीर्ति मिजं पुचः नायो***
- *थुगु ल्याःचाय् सुनं दातापिनितु नां त्वफ्यूगु दुसा धर्मकीर्तिया मिजं पुचः नायोयात स्वापू तयादीत इनाप याना नापं उगु नां मेगु वर्षया ल्याःचाय् न्ह्यब्वयगु जानकारी बियाच्वना। सुभाय्*

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोनः ४४३४८५०, ४४३४७५३, फ्याक्सः (९७७-१) ४४३१९२९
व्यापारिक कार्यालयः शुक्रपथ, काठमाडौं। फोनः ४२५९०३२, ४२५९४५०, फ्याक्सः (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital